मजदुरद्धारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ६४, जेठ २०५८, मूल्य रु.१५/-




# एक होऔं!

# हातमा ठेला उठ्यो त के भयो कमरेड!



तप्तपी पसिना बग्यो त के भयो ?
खुट्टामा रोडा बिझायो त के भयो ?
निधारमा दाम्लो डामियो त के भयो?
बेल्चामा हामी सिंगो संसार उठाउँछौं
डोकोमा हामी सिंगो संसार बोक्दछौं ।

## हाम्रो भनाई


जन आन्दोलन २०४६ पछिको १२ वर्ष वितिसकेको छ । दर्जनौं असल छोरा - छोरीको रगतको बलिदानले जे अपेक्षा गरेको थियो, त्यसको सीमित प्रतिशतमात्र राष्ट्रले पाएको छ । हत्या - आतंक र भ्रष्टाचारले पंचायती शासनकालमा जस्तै किर्तिमान खडा गरेको छ । त्यसैले अहिले राष्ट्र अर्को जन आन्दोलनको प्रतिक्षामा छ । यसपटक हामीले नयाँ जनआन्दोलनका केही झाँकी सचित्र प्रस्तुत गरेका छौं ।




यो रक्तपातपूर्ण दमन र मजदुरहरूको वीरतापूर्ण प्रतिरोधको परम्परालाई जारी राख्दै "८ घन्टे कार्य समय आन्दोलन" विभिन्न देशमा अघि बढाइयो। यसलाई स्मरणीय दिनको रूपमा स्थापित गर्न १८८९ जुलाई २० का दिन फ्रेडरिख एंगेल्सको नेतृत्वमा आयोजित दोस्रो अन्तरराष्ट्रियले १८९० मे १ बाट मे दिवसलाई मजदुर दिवसको रूपमा मनाउने निर्णय गर्‍यो।

किसान वर्ग संख्यामा ठूलो देखिए पनि निरन्तर खिइंदो अवस्थामा छ र मजदुर वर्ग नै बढ्दो छ। यस संगसंगै ग्रामीण क्षेत्रबाट शहरी क्षेत्र र कृषिबाट उद्योग तथा सेवाका विभिन्न क्षेत्रमा मजदुरहरूको संख्या बढिरहेकै छ। त्यसैले वर्ग संघर्षको केन्द्र पनि गाउँ रहेको छैन, शहर नै बन्न पुगेको छ।




अर्जेन्टिनामा जन्मेर, ग्वाटेमाला आन्दोलन गर्दै र मेक्सिकोमा कठोर श्रम गर्दै क्युबाका क्रान्तिनायक बनेका अर्नेस्टो चे ग्वे भारासंग अमेरिकी शासकहरू कति विघ्न आतंकित थिए भने वहाँको लासलाई पूरै तीस वर्षसम्म गुपचुपमा राखियो ।

नेपाल ट्रेड यूनियन महासंघका संस्थापक सदस्य नुरु वाङछु सेर्पाले हुर्काएको यूनियन यूनिट्राभले २०४७ मा ५ दिनसम्म सम्पूर्ण ट्रेकिङ एजेन्सीहरूमा हड्ताल गरे। माग पूरा गराउन काठमाडौं लगायत देशका विभिन्न ठाउँमा ठूला ठूला जुलुसहरू निकाले।




## १० वर्ष अघिको श्रमिक खबरबाट

"मजदुर आन्दोलनको शुरूवात र विकास पूँजीपतिह/ले गरीब र निमुखा मजदुरप्रति गरेको धोखाको प्रत्युत्तर हो। मजदुरलाई भेडा, बाख्रा ठान्ने सामन्त र पूँजीपतिह/को जमाना अब गयो। हरेकले नियमको परिधिभित्र रहनु पर्छ भन्ने हाम्रो सोचाइ छ, निरंकुश शासनमा जस्तो राजालाई रिझाउँदैमा मनपरी ढंगले मजदुरलाई थिचोमिचो गर्न हामी दिदैनौं।".....

संख्या ९-११, पेज १, २०४८ असार।







संख्या ६४, जेठ २०५८

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**ले-आउट**
नेस्वप्रेमयूका लागि
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो. ब. नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२, २४५५३२
(हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस
२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट
बागबजार, काठमाडौं।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।



श्रमिक खवर अंक ६३ मा नेपाल ट्रेड यूनियन आन्दोलनको ५० वर्षबारे इतिहास सम्बन्धी लेख प्रकाशित गर्नुभएकोमा मलाई खुसी लाग्यो। यसको लागि धन्यवाद। श्रमिक खवर मजदुरहरूले पढ्नै पर्ने पत्रिका हो। मैले यसको ग्राहक पनि निकैलाई बनाइसकेको छु।

ट्रेड यूनियन आन्दोलनमा इतिहासमा बिराटनगरको मजदुर आन्दोलन उल्लेखनीय छ।


२००७ सालको आन्दोलनको वेला म बिराटनगर स्थित दन्तकाली मोटर सर्भिसमा क. गोरमणिसंग काम गर्थें। वहाँसँगै आन्दोलनमा पनि म सक्रिय रूपमा सहभागी भएको थिएँ। त्यसवेला हामीले आन्दोलनकारीहरूलाई गाडीमा राखेर ओसार पसार गर्ने गर्थ्यौं।

२००७ सालको क्रान्तिमा गोरमणि सिंह र पञ्चाननदास मिलेर चेन ट्याक्टरलाई ट्यांक बनाई चलाएको थियो। २००७ सालको क्रान्तिपछि २००८ सालदेखि क. मनमोहन अधिकारीले हामीलाई बिराटनगरको ठाकुरबारी मन्दिरमा कम्युनिस्ट पार्टीको क्लास लिनुहुन्थ्यो। त्यो वेलादेखि अहिलेसम्म पनि म कुनै न कुनै रूपले ट्रेड यूनियन आन्दोलनमा सक्रिय भइरहेको छु। गत माघ १४ गते मनमोहन स्मृति प्रतिष्ठानले ५० वर्ष पहिलेका मजदुर नेताहरूलाई अभिनन्दन गरेको थियो। त्यसवेला मैले पनि अभिनन्दित हुने सौभाग्य पाएको थिएँ। श्रमिक खवरमा छापिएको अभिनन्दित मजदुर नेताहरूको समूह फोटोमा म पनि सम्मिलित छु। तर श्रमिक खवरमा मेरो नाम भने कतै पनि उल्लेख गरिएको मैले पाइन। यस्तो भएमा इतिहास मासिन सक्छ। नयाँ पिढीमा गलत प्रभाव पर्न सक्छ।

त्यसरी नै कार्पेट मजदुर यूनियनद्वारा प्रकाशित "गलैंचा मजदुर" मा पनि मेरो यूनियन प्रवेश मिति २००६ साल हुनुपर्नेमा २०३६ साल लेखिएको छ। त्यसमा पनि सच्याउन अनुरोध गर्दछु।

-छविलाल लम्साल

सल्लाहकार, नेयास्वमसं के.क., राष्ट्रिय पार्षद, जिफन्ट




१० वर्ष अगाडिदेखि प्रकाशित मजदुर पक्षीय पत्रिका श्रमिक खवर मजदुरहरूको बीचमा पुऱ्याउनको लागि जिफन्ट बागमती अंचल अधिवेशनमा मात्र हामीलाई ग्राहक बनाइयो। त्यसभन्दा पहिले हामीलाई किन जानकारी भएन? हाल ६० अंक देखि ६३ अंक सम्म अध्ययन गरियो सारै राम्रो लाग्यो। आगामी दिनमा श्रमिक खवरलाई मासिक रूपमा




प्रकाशन गरिने व्यवस्था भएमा अझ बढी प्रभावकारी हुन्थ्यो कि?


-कृष्ण लामा

अध्यक्ष, नेयास्वमसं, जमल टेम्पो इकाइ समिति



श्रमिक खवर विगतमा हेर्न पाएको थिएन। हालैका ४ अंक हेर्न पाइयो। पहिलोमा प्रकाशित कमैया मुक्ति र दोस्रोमा साहसी किसान नेता भीमदत्त पन्त र एक्काइसौं शताब्दीमा समाजवाद मलाई ज्यादै राम्रो लाग्यो। त्यस्तै होटल मजदुहरूको सेवा शुल्क आन्दोलन, ट्रेड यूनियन इतिहासको ५० वर्ष, मनमोहनका सहयोद्धाहरू, पेरिस कम्युन १३० वर्षपछि सम्झँदा पनि राम्रो लाग्यो। आगामी अंकमा यस्तै राम्रा लेखहरू पढ्न पाउने आशा गर्दछु।

-.... श्रेष्ठ, धरान ६, शान्तिपथ



श्रमिक खवरको ४ अंक पढ्न पाएँ। मुकुन्द न्यौपानेको लेख "जंगलमा भेटिने बाँदरहरु नै हाम्रा पुर्खा हुन् त?" राम्रो लाग्यो। मनमोहन स्मृति प्रतिष्ठानले मनमोहनका सहयोद्धाहरुलाई गरेको अभिनन्दन पढ्न पाउँदा खुसी लाग्यो। लेखहरुमा "महिला आन्दोलन पुरुष विरुद्ध होइन पितृसत्ता विरुद्ध हो", "कोसाटुको आन्दोलन" आदि लेखका साथै अन्य लेखहरु पनि ज्ञानवर्धक छ। हामी जस्ता साधारण मजदुरले श्रमिक खवर पढ्न पाउनु गौरवको कुरो म ठान्दछु। २००३ सालदेखि २०४७ सालसम्म भएका अन्य आन्दोलनको बारे पनि पढ्न र जान्न पाए हुन्थ्यो !

-ललित भुजेल, पुतली लाइन, धरान


**नयाँ वर्ष २०५८ को उपलक्ष्यमा**

**हार्दिक शुभकामना**

**व्यक्त गर्दछौं ।**

**रघुपति जुटमील लिमिटेड**

**मिल्स एरिया, जोगबनी**

# मे १ भन्छ एक होऊ

-विष्णु रिमाल




"त्यो दिन पक्कै आउनेछ, जतिखेर हाम्रो मौनता आज तिमीहरूले सुर्केनी लगाएर बन्द गरिदिएको आवाजभन्दा पनि शक्तिशाली हुनेछ।" मजदुरहरूका लागि ८ घण्टा कार्य समयको माग गरेबापत १८८६ मे १ का योद्धा अगस्त स्पाइसले झुन्ड्याउँदा झुन्ड्याउँदै जल्लादहरूको बीचमा आफ्नो अन्तिम सम्बोधन गरे।

दैनिक १७११८ घण्टा काममा जोताइएका मजदुरका लागि "तीन ८" को माग (आठघण्टा काम- आठ घण्टा मनोरञ्जन- आठ घण्टा आराम) गर्ने आन्दोलनकारी नेता स्पाइस, अल्बर्ट पारसन्स, एडोल्फ फ्रिस्चर, लुइ लिंग, जर्ज एंगेल, सामुएल फिल्डेन, मिचेल साव, ओस्कार नीव, लुसी पारसनहरूको आवाज गोली र डोरीबाट दवाइए पनि त्यो सुसुप्त हुनै सकेन।

कारखाना-कारखानादेखि आफ्नो शक्तिलाई सुदृढ गर्दै अमेरिकाका विभिन्न शहरमा मे १, १८८६ बाट "आठ घण्टे कार्य समय" आन्दोलनको प्रचार शुरू गरियो। "तीन ८" को मागले मजदुरहरू केवल पूँजीपतिहरूको पैसा बनाउने मेशिन होइनन् भन्ने सन्देश पनि प्रचारित गर्‍यो।

"कमरेडली" भावनाबाट प्रेरित हुँदै एकातिर मजदुरहरू मैदानमा उत्रिए भने अर्कोतिर "प्रदर्शनकारीलाई गोली, तिनका नेताहरूलाई डोरी" को प्रचार सहित पूँजीपतिहरू मजदुरहरूका विरुद्ध उभिए। मजदुर आन्दोलनकारीहरूलाई निरुत्साहित पार्न बिहानैदेखि सैनिक तैनाथ गरियो। सिंगो शिकागो शहर आतंकित पार्ने प्रयास गरियो।

तर डेढ वर्ष लामो तयारी सहित मैदानमा उत्रिएका मजदुरहरू पनि किन आतंकित हुन्थे ! मे १ मा ५ लाखभन्दा बढी मजदुरहरूले प्रदर्शनमा भाग लिए। मे २ मा यसको दोब्बर संख्यामा मजदुरहरू जुलुसमा सहभागी भए। यो एकता र जुझारूपनले पूँजीपतिहरूलाई "मजदुरका माग पूरा गर्ने वा बलपूर्वक आन्दोलन दवाउने" दुईमध्ये एक बाटो रोज्नैपर्ने निर्णायक मोडमा पुर्‍याइदियो। जसले वर्षौंदेखि शोषण र शासन गर्दै आयो, त्यो शक्ति श्रमजीवी जनतालाई सहज ढंगले अधिकार दिन किन तयार हुन्थ्यो?

त्यसैले मे ३ का दिन जुलुस शुरू हुनासाथै गोली चल्न थाल्यो। केही मजदुरहरू घटनास्थलमै मारिए, कैयौं घाइते भए। यसपछि उत्तेजित बनेको वातावरणमा प्रहरीले अन्धधुन्द गोली चलायो र हत्याकाण्ड नै मच्चायो। अगस्त स्पाइस सहितका आन्दोलनका नेताहरूलाई यसै काण्डमा प्रहरीलाई मार्ने षडयन्त्र गरेको आरोपमा झुन्ड्याएको थियो।

यो रक्तपातपूर्ण दमन र मजदुरहरूको वीरतापूर्ण प्रतिरोधको परम्परालाई जारी राख्दै "८ घन्टे कार्य समय आन्दोलन" विभिन्न देशमा अघि बढाइयो। यसलाई स्मरणीय दिनको रूपमा स्थापित गर्न १८८९ जुलाई २० का दिन फ्रेडरिख एंगेल्सको नेतृत्वमा आयोजित दोस्रो अन्तरराष्ट्रियले १८९० मे १ बाट मे दिवसलाई मजदुर दिवसको रूपमा मनाउने निर्णय गर्‍यो।

**नेपालमा मे दिवस : हिजो र आज**

"आज हाम्रो आवाजहरू चिम्नीका धुवाँसंगै हराइरहेका छन्। सडक, गल्ली र नालीका दुर्गन्धहरूसंगै कतै हाम्रो पाखुरीहरू होटल र बारहरूमा जनताका "रगत र मासु" को भोज लगाउन व्यस्त बनाइएका छन्। ....आउनुस्, साथीहरू, शोषण र अन्यायका सिक्री चुँडाउँदै मे १ को जुझारु परम्परालाई अघिबढाऔं।......"

"आज हाम्रो देश अत्याचारीहरूको पासोमा परेर छट्पटाइरहेको छ। के उद्योग, के यातायात, के सफाइ, के प्रेस, के होटल सबै पेशामा संलग्न श्रमिकहरू समस्यै समस्याको थुप्रोमुनि पुरिएका छन्। श्रमिकका झुप्रा र बस्तीहरूमा जब अन्यायका विरुद्ध आवाज उठ्छ, तब कहिले बिराटनगरमा मजदुरको रगत बग्छ, कहिले हेटौंडा, काठमाडौं, पोखरा.......मा पुलिसको लाठो बर्सन्छ। कहिले मजदुरलाई जेलका चिसा छिंडीहरूमा बन्दी बनाइन्छ, कहिले कामबाट बर्खास्त गरिन्छ। आउनुहोस्, हामीहरू पनि हातमा औजार उठाउँदै, कुचो र स्टेरिङ सोझ्याउँदै, काँटा र चम्चाको संगीत बजाउँदै मे १ को गौरव गाथालाई बुलन्द गरौं। प्रतिक्रियावादी व्यवस्थाको अन्त्य गर्दै राजनीतिक स्वतन्त्रताको महाअभियानमा जुटौं। यही नै मे १ को पुकार हो।......"

क्रमशः २०४० साल र २०४१ सालको मे दिवस आयोजक कमिटीले माथि उल्लेख गरे जस्तै विचारहरू र सन्देश सहित २०३६ सालपछि कहिले भूमिगत त कहिले अर्ध खुल्ला रूपमा अन्तरराष्ट्रिय श्रमिक दिवस मनाउँदै आइयो। हरेक मे दिवसमा शिकागोमा बगेको मजदुरको रगतको चर्चा गरियो। र "तीन ८ को माग" लाई नै दोहराइयो। पंचायती शासनकालभरि नै मजदुरहरू बीच २ वटा मात्रै सन्देश प्रमुखताका साथ प्रचार गरियो- पहिलो, विश्वका मजदुर एक होऊ। र दोस्रो सबै कुराको जड तानाशाही पंचायती व्यवस्था हो।




२०४७ सालको मे दिवसमा सापेक्षिक रूपमा यो सन्देशले काम गर्‍यो। जनआन्दोलनले भर्खरै पंचायतलाई ढाली दिएको थियो। आम जनता बीच उच्च अपेक्षा रहेको थियो। मजदुरका विभिन्न ७ यूनियनहरू एउटै मञ्चमा उभिएका थिए। सबै "एक होउ" को सन्देश दोहराइरहेका थिए र उद्घोष गरिरहेका थिए - हाम्रो देशमा नयाँ बिहानी आएको छ। प्रजातन्त्रको सुनौलो दिन शुरू भएको छ।

"मजदुर आन्दोलनको शुरूवात र विकास पूँजीपतिहरूले गरीब र निमुखा मजदुरप्रति गरेको धोखाको प्रत्युत्तर हो। मजदुरलाई भेडा, बाखा ठान्ने सामन्त र पूँजीपतिहरूको जमाना अब गयो। हरेकले नियमको परिधिभित्र रहनु पर्छ भन्ने हाम्रो सोचाइ छ, निरंकुश शासनमा जस्तो राजालाई रिझाउँदैमा मनपरी ढंगले मजदुरलाई थिचोमिचो गर्न हामी दिंदैनौं।"....

२०४८ सालको मे दिवसमा जननेता मदन भण्डारीले प्रतिक्रियावादी शक्तिलाई ठाडो चुनौती दिनुभएको थियो। त्यसको २ वर्ष नबित्दै रहस्यात्मक ढंगले उहाँको हत्या भयो।

अहिले बहुदल प्राप्तिको १२ वर्ष बितेको छ। तर हामीले दुखका साथ भन्न परिरहेको छ, अझै हाम्रो देशमा श्रमिक जनता माथिको अत्याचार जारी छ। सामन्त र पूँजीपतिलाई प्रभु ठान्ने प्रतिक्रियावादी संस्कृति मौलाइरहेको छ।

१८८६ ताकाको जस्तै अन्यायपूर्ण श्रम अभ्यास जारी छ। अझै कमैया र हलियाप्रथा भित्र बाँधा र बाध्यकारी श्रम जस्तो अन्याय जारी छ। एकातिर वयस्क मजदुरहरूको भीड बेरोजगार छ, अर्कोतिर दूधमुखे बाल-बालिकाको चिचिला श्रम

# मजदुर आन्दोलनमा विशेष महत्व राख्ने ०३३ सालको मे दिवस

०३२ सालमा विद्यार्थी आन्दोलन हुँदा नेपालको राजनीतिक आन्दोलनमा केही नयाँ सम्भावनाहरू देखा परेका थिए । झापा आन्दोलनमा लागेका तर ज्यान, डाँका जस्ता मुद्दामा फँसाइएका राजनेताहरू काठमाडौंको झ्यालखानमा थिए र उनीहरूलाई राजनीतिक बन्दीका रूपमा स्थापित गर्न, त्यतिबेलाको विद्यार्थी आन्दोलनमा संलग्न केही विद्यार्थीहरू लागिपरेका थिए । ०३२ सालको जेठ महिनासम्म रहस्यको विषय बनेको झापा आन्दोलनका बारेमा, विद्यार्थी आन्दोलनका क्रममा काठमाडौंका झ्यालखानमा थुनिएका विद्यार्थीहरूले थप जानकारी हासिल गरेका थिए र त्यसको अन्धविरोध गरिने नेपाली कम्युनिस्ट आन्दोलनमा विद्यमान दक्षिणपन्थी धारका विरुद्ध आफूलाई संगठित गर्दै स्वतन्त्र आन्दोलनको आयोजना गर्ने क्रम आरम्भ गरेका थिए ।

पुरानो आन्दोलनहीनताको स्थितिबाट मुक्त भएका, झापा आन्दोलनका निष्कर्षहरूलाई भित्र मनले स्वीकार्न नसकेका केही युवाहरूले ती दुवैको बीचको नयाँ बाटोबाट हिंड्ने अठोट गरे । उनीहरूले आफूलाई क्रमशः विद्यार्थी आन्दोलनबाट बाहिर निकाल्ने र मजदुरहरूका बीचमा राजनीति केन्द्रित गर्ने काम थाले । यस क्रममा उनीहरूले काठमाडौंका होटल क्रिस्टल र होटल शंकरका मजदुरहरूका बीचमा मजदुर हक अधिकारका लागि संघर्ष र जनवादी सत्ता स्थापनाको आन्दोलन भन्ने आग्रह सहित संगठन कार्य आरम्भ गरे ।

०३३ को मे दिवसको पर्चा अभियान यही समूहको विशेष प्रयत्न थियो । ०३२ सालको विद्यार्थी आन्दोलन पश्चात झापाली राजनीतिसँग अन्तरक्रिया आरम्भ भएपछि काठमाडौंमा प्रदिप नेपाल, गोपाल शाक्य, माधव पौडेलले स्वतन्त्र रूपमा मुस्लो परिवार संगठित गर्नुभएको थियो । उक्त परिवारले होटल मजदुरहरूका बीचमा मार्क्सवादी अध्ययन कक्षा संगठित गरेको थियो । तिनै अध्ययन कक्षाका मजदुरहरूलाई संगठित गरेर, राजनीतिक आन्दोलनमा मे दिवसको महत्तालाई अगाडि ल्याउन र त्यसलाई व्यवस्था विरुद्धको लडाईंसंग जोड्नाका लागि प्रदिप नेपाल, गोपाल शाक्य, माधव पौडेल, बीरबहादुर लामा, कृष्णबहादुर रुम्बा, गयाप्रसाद यादव, राजेन्द्र पाण्डे, सीताराम भण्डारी, रामकृष्ण दुवाल, सूर्यप्रसाद शर्मा रहनु भएको मे दिवस समिति गठन गरियो । उक्त समितिले अलग अलग समूहमा कार्यकर्ताहरूलाई विभाजित गरेर मे दिवसको प्रचार कार्यक्रम संगठित गर्ने निर्णय गर्‍यो ।

पहिलो काम, अध्ययन कक्षाहरूमा मे दिवसको महत्वको अध्यापन थियो र यो सफलताका साथ सम्पन्न भयो । सबै अध्ययन कक्षाहरू रात्रीकालीन थिए र ती एक प्रकारले प्रौढ शिक्षा कार्यक्रमका रूपमा संचालित थिए । मे दिवसका दुई ओटा रात्री कक्षाहरू झोछें स्थित तत्कालीन वालसेवा स्कूलमा आयोजना गरिएका थिए ।

बाहिरी रूपमा मे दिवसको प्रचारमा राज्यसत्ताको विरोधसँग जोडेर मे दिवसको पर्चा छर्ने निर्णय भएको थियो । पर्चा छर्नका लागि सम्भव क्याम्पसहरूका साथै बल्खु, बालाजु, गौशाला, बसन्तपुर जस्ता केही केन्द्रहरू तोकिएका पनि थिए ।

आयोजकहरूले सोचेभन्दा चर्को दमन पर्चा अभियानपछि आरम्भ भयो । आन्दोलनकारीहरूको नेतृत्वदायी टिम सिङ्गै गिरफ्तार भयो । त्यसमध्य प्रदिप नेपाल, गोपाल शाक्य र माधव पौडेललाई दश वर्षको जेल सजायँ र दश हजार रुपैयाँ जरिवाना, बीरबहादुर लामालाई पाँच वर्ष कैद र पाँच हजार रुपैयाँ जरिवाना गर्दै कम्तीमा छ महीनाको जेल सजाय सबैलाई तोकिएको थियो ।

मे दिवसभन्दा अगाडि नै अर्को पर्चा प्रकरणमा गिरफ्तार हुनुभएका सुवास नेम्बाङ्ग, सुनिल राई, भीम रावल र भीम न्यौपानेलाई पनि मे दिवस गतिविधिसँग जोडी सजायँ भएको थियो ।

मे दिवस मनाउने सन्दर्भमा जेल परेका प्रदिप नेपाल, गोपाल शाक्य, माधव पौडेल र बीरबहादुर लामा ०३३ सालको चैत्रमा नक्खु जेल विद्रोह गरी बाहिर निस्कनेहरू मध्येका हुनुहुन्थ्यो ।

---


शोषण र बिक्री जारी छ। दलित-उत्पीडित श्रमको अमानवीय शोषण छ र महिला श्रममाथि भेदभाव कायम छ। विश्वका कतिपय देशमा श्रम घण्टा ८ भन्दा कम निर्धारण भइसकेको छ। तर हाम्रो देशमा भने १९ औं शताब्दीमा जस्तै न्यूनतम ज्याला र ८ घन्टे कामको समयको माग समेत लागू हुनसकेको छैन।

एक वर्ष यताको घटना विवरण हेर्ने हो भने झन् निराशाको अवस्था रहेको छ। २०५७ भाद्रदेखि चैत सम्ममा ११ वटा सेवालाई "आवश्यक सेवा" भन्दै ती क्षेत्रमा सरकारले श्रमिकको मौलिक अधिकार खोसेको छ। यो वर्षको शुरूवातसंगै जनताको शान्तिपूर्ण विरोध प्रदर्शनमा भाग लिने अधिकारमा समेत निर्मम दमन गरी प्रजातन्त्रको खिल्ली उडाइएको छ।

मे दिवसको एउटा कार्यक्रममा जननेता मदन भण्डारीले भन्नुभएको थियो, "राजनीति जनता र श्रमिक वर्गको हितमा भएन भने त्यसले राष्ट्रको हित गर्न सक्दैन, र राष्ट्रमुक्ति पनि संभव छैन। म मजदुरहरूलाई प्रजातन्त्रको रक्षा गर्न हथौडा लिएर सजग रहन आव्हान गर्दछु।" अहिलेको राजनीति पनि जनता र श्रमिक वर्गको हितमा हुनसकेको छैन। यो त नेपाली कांग्रेसका सभापति प्रधानमन्त्री कोइरालाको लाचार दासको रूपमा टाक्सिएको छ। के त्यसो भए तमाम श्रमजीवी जनताले एक भएर अघिबढ्ने वेला आएन र?

## मे दिवसको इतिहास : श्रमिक वर्गका लागि उत्साहजनक घटनाहरू

| | |
|---|---|
| १८४८ | न्यूजिल्याण्डको एक कम्पनीले विश्व मै पहिलो पटक ८ घण्टाको कार्य दिवस लागू गऱ्यो । |
| १८५५ | अष्ट्रेलियन स्टेट अफ भिक्टोरियामा ८ घण्टाको कार्य दिवस तय । श्रमिकहरूबाट "तीन आठ" को मागलाई आन्दोलनको रूपमा उठाए। |
| १८८४-१८८६ | अमेरिकामा ३,०९२ वटा हड्तालहरू भए । यस हड्तालमा २२,००० कारखानाका १० लाख भन्दा बढि श्रमिकहरूको सहभागिता रहेको थियो। |
| १८८४ अक्टोवर | अमेरिकाको फेडेरेसन अफ अर्गनाइज्ड ट्रेड एण्ड लेबोर यूनियनले आफ्नो सम्मेलनबाट १८८६ को मे १ मा ८ घण्टा कार्य समयको माग गर्दै १८८६ मे १ मा राष्ट्रव्यापी श्रमिक हड्ताल र प्रदर्शन गर्ने निर्णय गऱ्यो । |
| १८८६ मे १ | १८८४ को निर्णय अनुसार शिकागो शहरको हे मार्केटमा श्रमिकहरूले प्रदर्शन गरे । १३५० सशस्त्र प्रहरी तैनाथ गरिएको भए तापनि त्यहाँ त्यस्तो कुनै अप्रिय घटना भएन। |
| १८८६ मे ३ | ३ लाख ५० हजारभन्दा बढी श्रमिकहरूले ५००० भन्दा बढी ठाउँमा हड्ताल गरे । मे १ को अभियाकै सन्दर्भमा हे मार्केटमा श्रमिकहरू भेला भए । फेब्रुअरीदेखि नै यस शहरमा हड्तालहरू भइरहेको थियो। श्रमिकहरूलाई कामबाट निकालि दिएर भाडाका मानिसलाई काममा लगाएपछि निकालिएका मजदुरहरूले बाहिर प्रदर्शन गरे । प्रहरीले गोली हानी ६ जनाको हत्या गऱ्यो। |
| १८८६ मे ४ | हे मार्केटमा ३ तारिखमा भएको दमनको विरोधमा मजदुरहरू भेला भए । भेलामा हस्तक्षेप गर्न आएका प्रहरी बीचमा बम विस्फोटन भयो र ८ जना प्रहरीहरू मारिए । यसपछि ८ जना मजदुर नेताहरूलाई गिरफ्तार गरीयो र प्रहरीलाई बम हान्ने षडयन्त्र गरेको आरोपमा मृत्युदण्ड र जन्मकैदको सजाय दिइयो । |
| १८८८ | लण्डनमा सम्पन्न श्रमिकहरूको अन्तरराष्ट्रिय सम्मेलनमा मे दिवस सम्बन्धी कुरा उठाइयो । |
| १९८९ | मेटल वर्कर्स फेडेरेसनले ८ घण्टा कार्य समयको लागि १ दिन हड्ताल गर्ने प्रस्ताव राख्यो। यस प्रस्तावमाथि छलफल गरी बेल्जीयम वर्कर्स पार्टीले यसलाई औपचारिक निर्णय गऱ्यो। |
| १८८९ | पेरिस कंग्रेसमा अमेरिकाको समाजवादी लेवोर पार्टीको जे. एफ. बुस्चेले हरेक वर्ष एक दिन श्रम घण्टा घटाउने माग गर्दै प्रदर्शन गर्ने दिन तय गर्ने प्रस्ताव राखे। दिनको चयनमा धेरै छलफल भयो र अन्तत: **मे १ लाई अन्तरराष्ट्रिय श्रमिक दिवसको रूपमा मनाउने निर्णयमा गरियो ।** |
| १८९० | अष्ट्रिया-हंगेरीमा ३० हजारभन्दा बढी कोइला खानीका श्रमिकहरूले जुलुस प्रदर्शन गरे। यसको तयारीको क्रममा ११ जनाले ज्यान गुमाए। |




संधै झै यस वर्ष पनि विश्वभरका श्रमजीवीहरूले उल्लासका साथ मे दिवस सम्पन्न गरेका छन्। श्रमिकहरू, विश्वव्यापीकरण विरोधी कार्यकर्ता र वातावरणवादी अभियानकर्ताहरूले विभिन्न ठाउँमा कार्यक्रमहरू आयोजना गरे। कतिपय ठाउँका कार्यक्रममा प्रहरीले व्यापक हस्तक्षेप गरेको छ। धेरै ठाउँमा कार्यक्रम शान्तिपूर्ण रूपमै सम्पन्न भएका छन्।

**अस्ट्रेलियामा** हजारौं श्रमिक र विश्वव्यापीकरणका विरोधी कार्यकर्ताहरूले बाटोमा अवरोध खडा गर्ने र राजनीतिक मागका साथ खराब राजनेताहरूको पुत्ला जलाउने कार्यक्रम आयोजना गरे। कार्यक्रममा हस्तक्षेप गरी ३० जनाभन्दा बढी प्रदर्शनकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो। आक्रोशित प्रदर्शनकारीहरूले बाटोमा सुतेर प्रहरीको भ्यान रोकी उल्टै प्रहरीहरूलाई मैदानबाट हटाएर आफ्नो कार्यक्रम सफल पारे।

**जर्मनीको प्रदर्शनमा** श्रमिकहरूले बाटो अबरुद्ध गर्दै प्रहरीहरूमाथि ढुंगा र बोतल प्रहार गरे। प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रयोग गर्दै ४० जनालाई गिरफ्तार गरेको छ।

फ्रान्समा मे १ मा जताततै सेना तैनाथ गरियो। सिंगो पेरिसलाई युद्धभूमि जस्तो बनाइयो ।

जर्मनीमा उद्यमीहरूको संघले मे १ मा काम गर्न नआउने श्रमिकलाई कामबाट निकाल्ने र कालो सूचीमा राख्ने धम्की दियो । दुई तिहाइ मजदुरहरू मे दिवस मनाउन गए भने ३ हप्तासम्म कारखाना बन्द गरिदिने जस्ता धम्की पनि उद्यमीले श्रमिकलाई दिए, तर पनि श्रमिकहरू प्रदर्शनमा सहभागी भए ।

बेलायतमा समाजवादी समूह र अन्य धेरै ट्रेड यूनियनहरूले मे दिवस आयोजक कमिटी बनाए र मे को पहिलो आइतवार जुलुस प्रदर्शन गरे।

अमेरिकाको शिकागो र न्यूयोर्कमा हजारौं श्रमिकहरूले सैयौं ठाउँमा प्रदर्शनहरू गरे ।

इटालीमा सेना र श्रमिकको बीचमा कैयौं पटक झडपका बावजुद मे दिवस सम्पन्न भयो ।

१८९१ फ्रान्स, इटाली, अष्ट्रिया र स्पेनमा फेरि पनि सरकारले सेनाको प्रयोग गऱ्यो ।

फ्रान्समा प्रदर्शनकारीमाथि सेनाले गोली चलाउँदा ११ जनाको मृत्यु भयो, जसमा ४ जना महिला र २ जना बच्चा समेत थिए ।

१९१६ कार्ल लिब्नेख्त बर्लिनमा सम्पन्न मे दिवसमा प्रथम विश्व युद्धको विरोधमा भाषण दिएपछि उनलाई सरकारले गिरफ्तार गऱ्यो । साढे २ वर्ष जेलमा राखेर १९१८ मा उनलाई रिहा गरियो तर १९१९ मा रोजा लग्जम्वर्ग संगै उनको हत्या गरियो ।

## एसियामा मे दिवस

१९१८ एसियामै पहिलो पटक इण्डोनेसियाले मे दिवसको आयोजना गऱ्यो ।

१९२० चीनमा मे दिवस मनाउन शुरू गरियो ।

१९२२ जापानमा मे दिवसको शुरूवात भयो ।

१९३० इण्डोचाइना, भारत र फिलिपिन्समा मे दिवसको शुरूवात

## अफ्रिकामा मे दिवस

१९०४ अफ्रिकामा समाजवादी विचार राख्ने काला जातिका श्रमिकहरूको बीचमा मे दिवसको शुरूवात ।

१९२० काला र गोरा सबै किसिमका श्रमिकहरूले संयुक्त रूपमा मे दिवस मनाउन शुरूवात

१९४५ फ्रेन्च उपनिवेसमा रहेको अफ्रिकन मुलुकमा मे दिवस मनाउन थालियो ।

---

**टर्की**को कारागारमा रहेका बामपन्थीहरूका आफन्तहरूले राजबन्दीलाई भेट्न देऊ भन्ने ब्यानर बोकी सरकार विरोधी नारा लगाए। यहाँ आमरण अनसनमा बसेका सैयौं राजबन्दी मध्ये २० जनाको मृत्यु भइसकेको छ।

**नर्वे**का विदेश मन्त्री ओस्लोमा हुने श्रमिक ऱ्यालीमा जाँदै गर्दा बाटोमै विरोध प्रदर्शनकारीले उनको मुखमा आइस क्रिमले हिर्काए तर उनले त्यसलाई सहज ढंगले सफा गर्दै ऱ्यालीमा सहभागी हुन पुगे।

**स्विट्जरल्याण्ड**को जुरिचमा वामपक्षीय श्रमिकहरूले कालो पहिरनमा मे दिवसको ऱ्याली आयोजना गरे। प्रदर्शन रोक्न आउने सुरक्षाकर्मीलाई प्रदर्शनकारीहरूले ढुंगा र रंगका बट्टाले प्रहार गरेपछि दर्जनौं श्रमिकलाई गिरफ्तार गरे।

**बेलायत**को लण्डनमा पूँजीवादको विरोघ गर्दै हजारौं श्रमिकहरू सडकमा उत्रिए। ५,००० प्रदर्शनकारीको विरोधमा ६,००० प्रहरीहरू तैनाथ गरिएका थिए। प्रहरी र प्रदर्शनकारी बीच भिडन्त हुँदा दर्जनौं प्रदर्शनकारी गिरफ्तार हुनुका साथै सयौं घाइते भएका छन्। दोहोरो भिडन्तमा कयौं प्रहरी अधिकृतहरू पनि घाइते भएका छन्।



**पाकिस्तान**को कराचीमा प्रजातन्त्रको माग लिएर हजारौं जनताहरू सडकमा उत्रिए। सैयौं संख्यामा तैनाथ गरिएका प्रहरी र सुरक्षा कर्मीहरूले १५० जनाभन्दा बढी प्रदर्शनकारीलाई गिरफ्तार गरेको छ।

**रसिया**मा दशौं हजार मजदुरहरू रोजगारीको सुरक्षा र तलबको माग गर्दै सडकमा उत्रिए। साइवेरिया र सुदुर पूर्वी भागमा ५०औं हजार प्रदर्शनकारीहरूले "हामीलाई दोस्रो स्तालिनको आवश्यक छ, राष्ट्र विरोधी सरकारको होइन" भन्ने ब्यानर बोकेका थिए।

**ग्रिस**मा १० औं हजार श्रमिकहरू सरकारले ल्याएको पेन्सन लगायतका नयाँ कानूनको विरोध गर्दै सडकमा उत्रिए।

**दक्षिण कोरिया**को सउलमा १५ हजार प्रहरीको तैनात हुँदा हुँदै २० हजारभन्दा बढी श्रमिकहरू रोजगारी हरण गर्ने आर्थिक सुधार चाहिँदैन भन्ने नारा लगाउँदै मे दिवसमा सामेल भए। ५०० जना श्रमिकहरू उत्तर कोरियाका श्रमिकहरूसंगको संयुक्त जुलुसमा सहभागी भए।

**इरान**का श्रमिकहरूले सुरक्षित रोजगारीको माग गर्दै गैरकानूनी प्रवासी मजदुर नराखौं भन्ने नाराका साथ मे दिवस मनाए।

जिम्वावेमा सरकारको विरोध गर्दै निस्किएको श्रमिकहरूको जुलुसलाई चुनौती दिंदै पुराना सैनिक योद्धाहरूले अर्को जुलुस निकाले। उनीहरूको दावी थियो- शहरी मजदुरको प्रतिनिधित्व अब परम्परागत यूनियनले होइन उनीहरूले गर्न सक्छन्।

**प्यालेस्टिनी** श्रमिकहरू इजरायलको विरुद्ध विभिन्न नारा लगाउँदै वेस्ट बैंकमा भेला भए। प्यालेस्टिनी श्रमिकमाथि इजरायलमा काम गर्नबाट लगाएको प्रतिबन्धको विरुद्धमा उनीहरूले नारा लगाएका थिए। इजरायलको नाकाबन्दीको कारण डेढ लाख प्यालेस्टिनी श्रमिकले आफ्नो रोजगारी गुमाएका छन् ।

**क्युबा**मा अमेरिकाले उनीहरूमाथि लगाएको नाकाबन्दी र मानव अधिकार सम्बन्धी गलत सूचनाको विरोध गर्दै मे दिवसमा सयौं हजार श्रमजीवी जनताहरू सडकमा उत्रिए । ऱ्यालीमा समाजवादप्रति प्रतिबद्ध युवाहरूको बाहुल्यता रहेको थियो। आफ्नो अन्तिम थोपा रगत रहेसम्म अमेरिकाको अन्याय विरुद्ध जुधिरहने प्रण मे दिवसका सहभागीहरूले दोहोऱ्याएका छन्।

**दक्षिण अफ्रिका**मा कोसाटुको आयोजनामा विभिन्न शहरमा मे दिवसको आयोजना गरियो। सरकारले आगामी ४ महिनामा आफ्नो नीतिमा सुधार नगरेमा निजीकरणको विरुद्धमा हड्ताल गर्ने कुराको पनि घोषणा गरियो ।

## नेपालमा मे दिवस (वि.सं. मा)

२०१९ पंचायती नेपाल मजदुर संगठनले पहिलो पटक नेपालमा मे दिवस आयोजना गऱ्यो। नेपाली मजदुर आन्दोलनको इतिहासमा यो एउटा व्यंग्य पनि हो।

२०३३ पंचायतको विरोध गर्दै मे दिवस विद्यार्थी र होटेल मजदुरहरू बीच प्रवचन गरी मनाइयो। त्यसै अवसरमा पर्चा छरेको कारण विभिन्न व्यक्तिहरूलाई गिरफ्तार गरी दश वर्षको जेल सजय र दश हजार रूपैंया जरिवाना तोकियो ।

२०३६ नेपाल स्वतन्त्र मजदुर यूनियनको आयोजनामा राष्ट्रव्यापी रूपमा मे दिवस मनाइयो। अंचलाधीशको कार्यालयबाट मे दिवस मनाउन स्वीकृति लिनु पर्ने बाध्यता पंचायतले बनाएको थियो। काठमाडौंमा अंचलाधीश कार्यालयले मजदुरहरूलाई मे दिवस मनाउने स्वीकृति दिन बाध्य भयो। तर बुटवलमा भने मजदुरसभामाथि आक्रमण गरी १७ जना मजदुरहरूलाई गिरफ्तार गरियो ।

२०३६ सालपछि हरेक वर्ष मे दिवस कहिले प्रहरीको आँखा छलेर र कहिले भिडन्त गरेर मनाउँदै आइयो। यस अवधिमा अस्तित्वमा आएका अन्य यूनियनहरूले पनि मे दिवस मनाउन थाले।

२०४२ मे दिवसमा देशभर गरी २० हजार भन्दा बढीको सहभागिता रह्यो। प्रमुख औद्योगिक शहरहरूमा प्रहरीले निमर्मतापूर्वक लाठी चार्ज गरी दमन गऱ्यो। यस क्रममा १९७ भन्दा बढी मजदुरहरू गिरफ्तार समेत भए।

२०३६-२०४६ यस अवधिका मे दिवसमा जुलुस, आमसभा, गोष्ठी, भित्ते लेखन, पर्चा, माइकिङ जस्ता सबै कुराहरू प्रतिबन्धित रहे। मे दिवसमा भाग लिए वापत जागिर गुमाउने मजदुरहरूको संख्या निरन्तर बढ्दै गयो।


२०४७ यस वर्षको मे दिवस, अस्तित्वमा रहेका सबै यूनियनहरू बीच उल्लासमय वातावरणमा संयुक्त रूपमा मनाइयो । यही वर्षबाट मे १ का दिन सरकाले बिदाको घोषणा गऱ्यो।

२०४७ सालदेखि हालसम्म विभिन्न यूनियनहरूले आआफ्नै प्रकारले मे दिवस मनाउँदै आएका छन्।

जिफन्टले यसै दिन पारेर वर्षभरिको उपलब्धि तथा कमी कमजोरीको मूल्यांकन गर्ने र आउँदो वर्षभरिको लागि गरिने कामको घोषणा गर्ने गर्दै आएको छ।

२०५५ ट्रेड यूनियन आन्दोलनका संस्थापक नेता मनमोहन अधिकारीको निधनका कारण जिफन्टले यस वर्षको मे दिवस उहाँकै नाममा समर्पण गर्दै औपचारिक कार्यक्रम नगर्ने निर्णय गऱ्यो।

२०५८ यस वर्षदेखि जिफन्टले मे दिवसलाई आफ्नो स्थापना दिवसको रूपमा मनाउने निर्णय गऱ्यो। यो मे दिवसमा २०४७ सालपछि पहिलो पटक सबै बाम पार्टीहरूले जिफन्टको सभामा सामेल भएर ऐक्यबद्धता जनाएका छन्।




"तीन ८ को माग" को रूपमा प्रसिद्ध ८ घण्टे कार्य समयको मागलाई लिएर सिकागोमा शोषित मजदुरहरूले आफ्नो अमूल्य रगत बगाएको पनि ११५ वर्ष नाघिसकेको छ। भावी पुस्ताको समृद्ध जीवनको लागि आफ्नो जीवन उत्सर्ग गर्ने तत्कालीन मजदुर नेताहरूको बलिदान व्यर्थ गएन। "त्यो दिन पक्कै आउँछ, जतिखेर हाम्रो मौनता आज तिमीहरूले सुर्केनी लगाएर बन्द गरिदिएको आवाजभन्दा पनि शक्तिशाली हुनेछ" मे १ का एकजना शहीद अगस्त स्पाईसले घोषणा गरे जस्तै आज १८८६ मे १ को दिनलाई विश्वभरीका मजदुरहरूले पवित्र पर्वको रूपमा मनाउँदै छन्। वर्षभरीको कामका उपलब्धिको लेखाजोखा गर्ने र कमीलाई हटाउँदै आगामी दिनको संघर्ष, संगठन र अन्य कामको घोषणा गर्दैछन्।

नेपाल ट्रेड यूनियन महासंघ ११२ औं मे दिवसको उपलक्ष्यमा विश्वभरीका श्रमजीवी वर्गप्रति शुभकामना व्यक्त गर्दछ। श्रमिक वर्गको समुन्नत भविष्यको लागि आफ्नो जीवन बलिदान गर्ने विश्वभरीकै शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछ ।

जिफन्ट, मे दिवस घोषणा गरेको दिन आजभन्दा १२ वर्ष अघि स्थापना भएको हो। त्यसैले यस वर्षदेखि हामीले मे दिवस नै जिफन्ट दिवसको रूपमा मनाउने निर्णय गरेका छौं। हाम्रो संगठन त्यतिखेर बन्यो, जतिखेर मजदुरका नाममा पंचायती पिट्ठुहरू नेपाली श्रमिकहरूकै रगतको होलि खेलिरहेका थिए। तिनका षडयन्त्र र दमनलाई निस्फल पार्न र मजदुरहरूको जुझारु एकता विकास गर्न नै हामीले जिफन्टको स्थापना गरेका थियौं । हामीले आफूलाई सबै क्षेत्रका मजदुर बीचको कामलाई एकताबद्ध ढंगले अघि बढाउन, विभिन्न व्यवसाय तथा क्षेत्रका मजदुर संगठनहरू बीच एक-अर्कालाई सहयोग पुऱ्याउने वातावरण तयार पार्न र समग्रतामा एकताबद्ध आन्दोलनको निर्माण गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने संस्थाको रूपमा प्रस्तुत गरेका थियौं । "एउटालाई चोट लाग्दा अर्कालाई दुख्ने" भावना देशभरीका सबै श्रमिकहरू बीच विकास होस् भन्ने हामीले अपेक्षा गरेका थियौं ।

बितेको वर्षमा "एक यूनियन-एक आवाज" को नारालाई व्यवहारमा रूपान्तरण गर्न सक्दो प्रयास भएको छ। गत वर्षको मे दिवसको लगत्तै नेपाल ट्रेड यूनियन कांग्रेससंग एकता वार्ता शुरू गरियो । विभिन्न चरणमा गरिएको वार्ताबाट हामी एउटा निष्कर्षमा पुगेका छौं- "एकल यूनियन बन्नु जरुरी छ तर त्यसको लागि गृह कार्य र मानसिक तयारी अझै गर्नुपर्छ।" व्यक्तिको वैचारिक आस्था र राजनीतिक दलप्रतिको सम्बद्धताको पक्षलाई अक्षुण्ण राख्दै मजदुर पक्षीय ट्रेड यूनियन आन्दोलन निर्माणमा एक हुनुपर्नेमा अब हाम्रा बीच सैद्धान्तिक सहमतिको समस्या देखिएको छैन । हामीले के बुझेका छौं भने "ट्रेड यूनियनका सदस्यहरूलाई कुनै विशिष्ट राजनीतिक दृष्टिकोण अपनाउन कुनै प्रकारको दवाव सृजना गर्नु हुन्न, स्वेच्छिक सदस्यतालाई वृहत बनाउनुपर्छ। आफ्नो इच्छाले नै संगठित हुने वातावरण सृजना गर्नुपर्छ।" हाम्रो यो निष्कर्ष विश्वव्यापीकरणको नाउँमा पूँजीपति वर्गले अपनाइरहेको मजदुर विरोधी क्रियाकलाप चिर्ने एउटा आव्हान पनि हो।

हामी किटेरै भन्न सक्छौं होटल क्षेत्रमा गत वर्ष भएको एकताबद्ध आन्दोलन यसको प्रतिविम्व हो। १० प्रतिशत




सेवाशुल्क आन्दोलनमा हाम्रो सदस्य संघ- नेपाल स्वतन्त्र होटल मजदुर यूनियन र ट्रेड यूनियन कांग्रेसको सदस्य संघ- नेपाल पर्यटन तथा होटल श्रमिक संघ बीचको एकतालाई यो वर्षमा भएको महत्त्वपूर्ण उपलब्धिको रूपमा हामीले लिएका छौं। गत चैत ८ गते संयुक्त रूपमा जारी गरिएको प्रेस वक्तव्य मार्फत "होटलमा कार्यरत मजदुरहरूले १० प्रतिशत सेवा शुल्कको लागि चालेको आन्दोलनलाई दबाउने नाममा आवश्यक सेवा ऐन २०१४ लागू गरेर सरकारले प्रजातान्त्रिक प्रक्रिया र त्यसको मर्म र आदर्शलाई कुठाराघात गरेको छ" भन्ने साझा निष्कर्षमा जिफन्ट र एनटीयूसी पुग्नु कम महत्त्वको विषय हो र ?

यत्तिकैमा हाम्रो अभियान रोकिएको भने छैन । संभव भए सम्म न्यूनतम भन्दा न्यूनतम साझा विषय पहिचान गर्ने र एकताबद्ध रूपमा अघिबढ्ने क्रममा विद्यमान तीन महासंघहरू-जिफन्ट, एनटियूसी र डिकोण्टका महिला विभाग बीच "जेन्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियन कमिटी (टुक-गेप)" गठन तथा संचालन गर्न हामी सफल भएका छौं। जेन्डर र महिला श्रम प्रति राष्ट्रिय दृष्टिकोण र नीति तय गर्न हामी यसरी नै क्रियाशील छौं।

"दासलाई गरिव बनाऔं" यो नारामा हामी समेत संलग्न रहेको कमैया मुक्ति अभियान बितेको वर्ष निर्णायक मोडमा पुग्यो। सबै पक्षको पहल र सक्रियताका कारण कमैया मुक्तिको घोषणा गर्न सरकार बाध्य भयो। कमैया प्रथा भित्र रहेको बाँधा श्रम प्रणालीले वर्ष-२०५७ मा एउटा निकास पायो ।

बितेको वर्षको संघर्ष र संगठनको समीक्षा गर्ने हो भने हामीसंग राष्ट्रिय मात्र होइन स्थानीय स्तरमा भएका आन्दोलनबाट प्राप्त उपलब्धि पनि गणनायोग्य छन्। जसलाई हामी हाम्रा उपलब्धिको रूपमा उल्लेख गर्न चाहन्छौं।

तर बितेको वर्षले श्रमिकका जीवनमा नकारात्मक कोसेली पनि बोकेर ल्याएको छ। २०५७ असार १५ गते साँझ ६ बजे र १५ मीनेट जाँदा शान्तिपूर्ण ढंगबाट धर्ना बसिरहेका बिराटनगर जुट मीलका मजदुरमाथि एक्कासी लाठी-अश्रुग्याँस र गोली प्रहार गर्दै सरकारले श्रमिक वर्ग माथिको थप अत्याचारको प्रतिगामी यात्रा शुरू गऱ्यो।

संस्थानका ५० हजार कर्मचारीहरू असार २६ गतेदेखि आन्दोलनमा उत्रिए। साउन २६ र २७ गते महत्त्वपूर्ण संस्थानहरूमा काम ठप्प पारे। यही घटनाको आडमा सरकारद्वारा भदौ १ गते श्रमिकहरूको हडताल गर्ने अधिकार माथि अंकुश लगाउन "आवश्यक सेवा ऐन-०१४" लादियो। बैकिङ, संचार, विद्युत, यातायात, खानेपानी लगायत १० वटा सेवामा कार्यरत प्रजातन्त्र प्राप्तिको लागि आफ्नो जागिरलाई ताकमा राखेर लडेका हजारौं कर्मचारीको मौलिक अधिकार, प्रजातन्त्र बहालीको कारणले सरकारमा पुगेकाहरूबाटै निर्लज्ज तरिकाले अपहरण गरियो।

दमन र अप्रजातान्त्रिक कार्यको यो श्रृंखला यहीं थामिएन। मध्ययुगीन बर्बरतालाई बिर्साउने गरी "रोटीको बदला गोली" भनेझैं माघ २१ गते वर्दियाको एउटा शिविरमा रहेका मुक्त कमैयाका छाप्रोमा आगो लगाइयो। उक्त दिन बिहान ८ बजे प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गएका सयौं प्रहरीहरूले ८ हजार कमैया बसेको बस्तीमा घेरा हालेर लाठी चार्ज गरे। आइमाई, केटाकेटी र बुढाबुढीलाई समेत बुठले कुल्चदै झुप्राबाट खेदियो । स्वदेशी विदेशी सहयोगीहरूको दान दातव्यबाट प्राप्त ती सर्वहाराहरूको हाँडाभाँडा र लुगाफाटाको छिरलो पारियो । दासत्वबाट बल्ल तल्ल मुक्ति पाएकाहरूलाई "स्वतन्त्रता प्रमुख हो" भन्ने सकारात्मक कुरो अनुभूत गराउनु भन्दा पनि "एक छाक खान, एक झुम्रो लाउन र ओत लाग्ने छाप्रो दिन पनि नसक्ने स्वतन्त्रता के काम?" भन्ने तहमा सत्तापक्षले नै पुऱ्याई दियो।

चैत्र २ गते सरकारी दमनको पराकाष्टा नाध्यो । एकातिर हडतालमा संलग्न होटल मजदुरहरूको नेतालाई पर्यटन मन्त्रालयमा वार्ता गर्न भनी डाकियो। अर्कातिर कार्यालय समय समेत सकिएपछि साँझ ५:२३ बजे जिफन्ट कार्यालयमा गृह मन्त्रालयको सूचना फ्याक्स गरी होटल व्यवसायलाई पनि आवश्यक सेवा ऐनमा समावेश गरेको जानकारी दिइयो । हेर्दा हेर्दै ट्रेड यूनियन पृष्ठभूमिबाट राजनीति शुरू गर्ने व्यक्ति प्रधानमन्त्री रहेको सरकारले श्रमको शोषण गर्नेको पंक्तिमा आफूलाई खडा गऱ्यो।

फेहरिस्त लामो हुन सक्छ। तर वर्तमान सरकारले बहुदल स्थापनाको १२ वर्षमा सबैभन्दा नालायक र निकृष्ट काम जारी राखेको छ भन्न सबै न्यायप्रेमी जनसमुदायलाई बाध्य पारिदिएको छ। हिंसा र आतंकबाट देश आक्रान्त छ, तर सत्तामा रहेकाहरू रमिते बनिरहेका छन्। मजदुरहरूको संगठन र सामूहिक

सौदावाजी गर्ने, जुलुस, आमसभा र धर्ना दिने, दवावका कार्यक्रम र हडताल गर्ने जस्ता संविधान प्रदत्त एवं श्रम कानूनहरूबाट समेत सुरक्षित मौलिक अधिकारहरू माथि नाङ्गो अंकुश लगाइँदैछ।

यो स्थितिमा के गर्ने ? ११२ औं मे दिवसको उपलक्ष्यमा हामी संपूर्ण श्रमजीवी वर्गलाई एक हुन आव्हान गर्दछौं। खुद्रा पसल चलाए जस्तो मजदुर यूनियनलाई साना-साना टुक्रामा विभाजित गरेर कसैको हित हुनेवाला छैन। त्यसैले, वामपक्षीय खेमामा रहेका श्रमजीवी जनताबीचको एकता सुदृढ गर्न यो वर्षको मे दिवसको मञ्चबाट साझा अभिमत जाहेर गर्न हामीले ६ बाम पार्टीहरूलाई आमन्त्रण गरेका छौं। गैर बामपक्षीय क्षेत्रमा रहेका यूनियनहरू बीच बितेका वर्षदेखि जारी रहेको एकता अभियानलाई अझ गति दिने हामीले निर्णय गरेका छौं । हामी घोषणा गर्छौं- नीति, सोच र व्यवहारलाई समय-सापेक्ष फराकिलो पार्दै वृहत्तर एकतामा आधारित नेपाली ट्रेड यूनियन आन्दोलन निर्माणमा हामी दृढता पूर्वक लागिरहनेछौं।

हामीले श्रम कानूनको प्रभावकारी प्रयोग भए नभएको अध्ययन गरेका छौं र छिट्टै देशको कानून उल्लंघन गर्ने उद्योग व्यवसायहरूको सूची सार्वजनिक गर्ने तयारीमा छौं। हाम्रो लागि श्रमिक वर्गको हित नै सर्वश्व हो। त्यसैले राज्यबाट होस् वा व्यवसायीबाट, जुनसुकै बहानामा हुने मजदुरहरूको अधिकार माथिको अतिक्रमण विरुद्ध हामी सिंगो शक्ति क्रियाशील गर्नेछौं ।

हाम्रो देशको श्रमशक्तिको झण्डै आधा, महिला श्रम रहेको छ। महिलाहरूको ट्रेड यूनियन आन्दोलनमा सहभागिता वृद्धिको लागि यो वर्षबाट हामीले विशेष कार्यक्रम संचालन गर्ने निर्णय गरेका छौं ।

यसका अतिरिक्त प्रवासी मजदुरका हित र "नेपालको काम नेपालीलाई" अभियान प्रभावकारी ढंगले अघि बढाउने, कृषि मजदुरहरूको ज्याला अभियानलाई गति दिने र त्यसको सूचकांकीकरण शुरू गर्ने, स्वास्थ्य सहकारी र सामाजिक सुरक्षा जस्ता अभियान, हाम्रो कामका प्राथमिकता भित्र रहेका छन्। सामाजिक न्यायको लागि विभिन्न प्रकारका अन्यायपूर्ण श्रम अभ्यास र जातिपाति छुवाछुत तथा दलित श्रम शोषण विरुद्धको अभियानमा हाम्रो दृढ संलग्नता हुनेछ ।



मे दिवसको उपलक्ष्यमा हामी संपूर्ण श्रमजीवी जनता बीचको खंदिलो एकताको लागि पुन: आव्हान गर्दछौं। "सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवाद" को लक्ष्यमा क्रियाशील रहिरहन सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।

विश्वका मजदुरहरू- एक होऔं !

मे दिवस- जिन्दावाद !

एक यूनियन- एक आवाज !


**नयाँ वर्ष २०५८ को उपलक्ष्यमा**

**हार्दिक शुभकामना**

**व्यक्त गर्दछौं ।**

**नेपाल लिकर्स लिमिटेड**
**टंकी सीनवार, मोरङ**

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को आयोजनामा मे दिवस २००१ मजदुर र्‍याली, सभा तथा विभिन्न कार्यक्रमका साथ काठमाडौं लगायत देशभरीका प्रमुख शहरहरूमा भव्यताका साथ सम्पन्न भएको छ।

काठमाडौंमा मे दिवसको बिहान शहीद मञ्च टुंडीखेलमा मजदुर आन्दोलनलाई चिनाउने, मजदुरहरूको सीप र व्यथालाई झल्काउने, देश विदेशका आन्दोलनलाई झल्काउने फोटो प्रदर्शनी तथा महासंघव्दारा प्रकाशित श्रम सम्बन्धी पुस्तकको प्रदर्शनीको उद्घाटन गरियो। प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव क. माधव कुमार नेपाल हुनुहन्थ्यो।

दिउँसो १ बजे राजधानीका विभिन्न ठाउँबाट निस्केको मजदुरहरूको जुलुस रत्नपार्कमा जम्मा भई विशाल मजदुर र्‍यालीको आरम्भ भयो। जिफन्टका सदस्य यूनियनहरू आआफ्ना व्यानर सहित मजदुर र्‍यालीमा सम्मिलित थिए ।


मजदुर र्‍यालीको नेतृत्व जिफन्टका महाचिव विष्णु रिमाल तथा क. माधव कुमार नेपाल लगायत ६ बामका नेताहरूले गर्नुभएको थियो।

जुलुस रत्नपार्कबाट शुरु भएर बागबजार, पुतलीसडक, प्रदर्शनीमार्ग, शहीदगेट, खिचापोखरी, न्यूरोड, इन्द्रचोक, असन, भोटाहिटी भएर टुंडीखेलको शहीद मञ्चमा समापन भएको थियो।

जुलुस शहीद मञ्चमा पुगेपछि मजदुर सभा आरम्भ भयो।

मे दिवसको मजदुर सभामा मन्तव्य दिंदै प्रमुख अतिथि क. माधव कुमार नेपालले भन्नुभयो- "अहिले देशमा मजदुरहरूको हित हुने काम भइरहेको छैन, श्रम ऐन बनेको छ पालना भइरहेको छैन, हामी चाहन्छौं मजदुरहरूको हित हुनु पर्छ मजदुरहरूको माग पूरा हुनुपर्छ, मजदुरहरूको सामूहिक सौदावाजी गर्ने अधिकार सुरक्षित हुनुपर्छ तर आज देशमा त्यसो हुन सकिरहेको छैन। सरकारले मजदुरहरूको हितको काम मात्र नगरेको होइन, आम जनताको हित हुने काम नै गरिरहेको छैन।"

वहाँले भन्नुभयो - "हामी मजदुरहरूलाई सम्मान गर्छौं। मजदुरले गुमाउनु पर्ने केही छैन, मजदुरसंग श्रम र सीप मात्र छ। कार्लमार्क्स भन्नुहुन्छ मजदुरहरूले गुमाउनका




लागि जंजीर मात्र छ जित्नाका लागि संसार छ, त्यसैले विश्वका मजदुरहरू हो एक होऊ। हामी मार्क्सवादले देखाएको नागरिक स्वतन्त्रता भएको समाज, समाजवादी बाटोमा अगाडि बढिरहेका छौं।"

मजदुर सभामा पहिलो वक्ताको रूपमा जिफन्टका महासचिव क. विष्णु रिमालले भन्नुभयो- हामीले एकातिर मे दिवस उल्लासमय वातावरणमा मनाइरहेका छौं भने अर्कोतिर मजदुरहरूको प्राप्त अधिकार पनि खोसिंदैछ यो दिवसमा हामी मजदुर मुक्तिको निमित्त मजदुरहरूले गरेका कामको लेखाजोखा गर्ने, संगठन र संघर्षको कार्यक्रम बनाई अगाडि बढने गर्छौं। क. रिमालले भन्नुभयो-हामी मजदुरहरूको अधिकार हननको विरुद्ध, श्रम ऐन र ट्रेड यूनियन ऐन लागू गाराउन संघर्षरत छौं। यसको निमित्त एकताबद्ध आन्दोलनको खाँचो छ। मजदुरहरूलाई एकताबद्ध आन्दोलनमा अगाडि बढाउन मजदुरहरू र राजनीतिक पार्टीका नेताहरूलाई एकताबद्ध आन्दोलनमा अघिबढ्न आव्हान गर्दछु।

वक्तव्य दिने क्रममा काठमाडौं स्थित आइएलओका निर्देशक लैला टेग्मो रेड्डीले आफ्नो सम्बोधनमा भन्नुभयो- १७६ वटा देश सदस्य भएको आइएलओले विश्वमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। नेपालमा यसले खास गरेर यो वर्ष जोखिममा परेका बालश्रमिकहरूलाई सहयोग कार्यक्रमका साथै श्रमिक महिलाको अधिकारको निमित्त विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। आगामी दिनमा पनि सहयोग गर्न वचनबद्ध छ।

नेमकिपाका सुनिल प्रजापतीले आफ्नो सम्बोधनमा भन्नुभयो- मे दिवसको उपलक्ष्यमा हामी मजदुर आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्छौं। हामी एकताबद्ध आन्दोलनमा प्रतिबद्ध छौं।

एशियाली प्रवासी मजदुरहरूको संस्था एएमसी हङकङका प्रतिनिधि साजिदा अली र एशियामा रहेका फिलिपिनो प्रवासी मजदुरहरूको संगठन एपीएमएमएफका कार्यकारी निर्देशक तथा फिलिपिनो मजदुर यूनियन केएमयूका सदस्य रामोन बुल्त्रोनले नेपाली मजदुरहरले चलाइरहेको आन्दोलनप्रति ऐक्यबद्धता जोहेर गर्नुभयो।

संयुक्त जनमोर्चा नेपालका महासचिव क. लिलामणि पोखरेलले सम्बोधनको क्रममा भन्नुभयो- आज पनि हाम्रो देशमा भ्रष्टाचार व्याप्त छ, मजदुरहरूको शोषण भइरहेको छ

दमन भइरहेको छ । हामी भ्रष्टाचारी सरकारको विरुद्ध संयुक्त रूपमा लडाइ लडिरहेका छौं।

नेपाल कम्युनिस्ट पार्टी मसालका पोलिट ब्यूरो सदस्य चित्र बहादुर केसीले भन्नुभयो- आजको दिन मान्छेले मान्छेको भोज भतेर गर्ने शोषकहरू विरुद्ध लडेर मजदुरहरूले स्थापित गरेको दिन हो। आज पनि संसारमा लुटेराहरू धेरै छन्। हाम्रो देशमा आर्थिक चौपट भएर काम नपाएर विदेशमा गएर कुकुर मराइ भइरहेको छ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्यले भन्नुभयो- सामन्त र पूँजीपतिहरूलाई सत्ताच्युत गरी मजदुरहरूको सत्ता स्थापना नगरी मजदुरहरू शोषणबाट मुक्त हुँदैनन्, वास्तविक मुक्ति हुँदैन, समाजवाद स्थापना हुन सक्तैन त्यसको लागि हामी एकताबद्ध संघर्षमा अघिबढौं।

अन्त्यमा सभाध्यक्ष नेपाल ट्रेड यूनियन महासंघका कोषाध्यक्ष तथा ११२ औं मे दिवस आयोजक कमिटीका संयोजक क. विनोद श्रेष्ठले सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो।

**मे दिवसमा महासंघका अध्यक्षको सम्बोधन**

**झापा** : मे दिवसको उपलक्ष्यमा झापामा जिफन्टका सदस्य यूनियनहरूको आआफ्नो ब्यानर सहित भव्य जुलुसले नगर परिक्रमा गऱ्यो। नगर परिक्रमापछि महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको प्रमुख आतिथ्यमा मजदुर सभा सम्पन्न भयो। सभामा महासंघका उपाध्यक्ष ललित बस्नेत, नेकपा (एमाले) केन्द्रीय सदस्य देवराज घिमिरे, सांसद तारासम योङया, झापा जिल्ला कमिटीका सचिव देवेन्द्र दाहाल, जिफन्ट राष्ट्रिय कमिटीका सदस्य नारायण सिं राजवंशी लगायतका वक्ताहरूले मन्तव्य दिनुभयो। सोही समारोहमा कृषि मजदुर संघ नेपालको पहिलो जिल्ला सम्मेलनको पनि उद्घाटन गरिएको थियो।

**महेन्द्र नगर** : महेन्द्रनगरको जिफन्ट कार्यालयबाट निस्केको जुलुस बजार परिक्रमा गरी मजदुरसभामा परिणत भयो। जिफन्ट अंचल अध्यक्ष धर्मानन्द पन्तको अध्यक्षतामा सम्पन्न सो सभामा प्रमुख अतिथि नेकपा (एमाले) का वैकल्पिक केन्द्रीय सदस्य उर्वादत्त पन्त हुनुहुन्थ्यो। वक्ताहरूमा राम कुमार ज्ञवाली, विक्रम बहादुर महता, गणेश नाथ, लाल बहादुर चुतारा, बीर बहादुर डगौरा, भोजराज पाठक तथा जिफन्टका सदस्य यूनियनहरूको प्रतिनिधिहरू हुनुहुन्थ्यो।

**नेपालगंज** : जिफन्ट अंचल कमिटी नेपालगंजको आयोजनामा निस्केको जुलुसले बजार परिक्रमा गरी औद्योगिक क्षेत्रको गेट अगाडि मजदुर सभा गऱ्यो। मजदुर सभाको प्रमुख अतिथि नेकपा (एमाले) का केन्द्रीय सदस्य गोविन्द कोइराला हुनुहुन्थ्यो। सभामा राष्ट्रिय जनमोर्चा, संयुक्त जनमोर्चा, नेपाल मजदुर किसान पार्टीका प्रतिनिधिहरूले आआफ्ना मन्तव्य दिए। सभा अंचल अध्यक्ष केशवराज गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो।

**दाङ** : तुल्सीपुरमा मजदुरहरूको जुलुसले नगर परिक्रमा गरी आमसभा गरेको थियो। सभाको प्रमुख अतिथि नेकपा (एमाले) केन्द्रीय सदस्य शंकर पोखरेल हुनुहुन्थ्यो। सभामा नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका श्रीधर प्रसाद श्रेष्ठले पनि मन्तव्य दिनुभएको थियो।

**बुटवल** : जिफन्ट अंचल कार्यालयबाट निस्केको मजदुर जुलुस बजार परिक्रमा गरी मुकुन्द सेन पार्कमा मजदुरसभामा परिणत भयो। सभामा प्रमुख अतिथि नेकपा (एमाले) केन्द्रीय सदस्य विष्णु पौडेल हुनुहुन्थ्यो। जिफन्ट अंचल अध्यक्ष कमल गौतमको अध्यक्षतामा सम्पन्न सो सभामा नेकपा (एमाले) का सांसद देवेन्द्र घिमिरे र लिला गिरी, मसालका के.जी. कुमार, अनेट्रेयूका पुष्कर सापकोटाले आआफ्नो मन्तव्य दिनुभएको थियो। सभामा बीच बीचमा मजदुरहरूले गीत पनि गाएका थिए।

**पोखरा** : जिफन्ट अंचल कार्यालयको प्रांगणबाट निस्केको मजदुर जुलुस नगर परिक्रमा गरी चिप्लेढुंगामा मजदुर सभामा परिणत भयो। जिफन्ट अंचल अध्यक्ष सूर्यमोहन सुवेदीको अध्यक्षतामा सम्पन्न सो सभाको प्रमुख अतिथि नेकपा (एमाले) केन्द्रीय सदस्य काशीनाथ अधिकारी हुनुहुन्थ्यो। सभामा राष्ट्रिय जनमोर्चाका शंकर बराल, संयुक्त जनमोर्चा नेपालका कविराज शर्माले मन्तव्य दिनुभएको थियो।



**बीरगंज** : बाराको सिमरा बजारमा मजदुर जुलुसका साथै भव्य मजदुर सभाको आयोजना गरिएको थियो। जिफन्ट अंचल अध्यक्ष दिनेश राईको अध्यक्षतामा सम्पन्न सो मजदुर सभामा नेकपा (एमाले) केन्द्रीय सदस्य केदार न्यौपाने हुनुहुन्थ्यो। सभामा पुरुषोत्तम पौडेल, अच्युत मैनाली, चिरञ्जीवी आचार्य लगायतका वक्ताहरूले मन्तव्य दिनुभयो।

**हेटौडा** : जिफन्टको आयोजनामा औद्योगिक क्षेत्रबाट निस्केको मजदुर जुलुस नगर परिक्रमा गरी हेटौडा नगर पालिकाको प्रांगणमा पुगी सभामा परिणत भयो। सभामा प्रमुख अतिथि नेकपा (एमाले) का केन्द्रीय सदस्य राजेन्द्र पाण्डे लगायत नेकपा (एमाले) का केन्द्रीय वैकल्पिक सदस्य रणध्वज कन्दङवा, सांसद विरोध खतिवडा, हेटौडा नगर प्रमुख, मकवानपुर जिल्ला सभापति, जनसंगठनका प्रतिनिधिहरुले मन्तव्य दिनुभयो। सम्मेलनको अध्यक्षता जिफन्ट अञ्चल अध्यक्ष मधुसुदन खतिवडाले गर्नुभएको थियो।

**जनकपुर** : लहान बजारबाट जिफन्ट र नेपाल कल्याणकारी समाजको संयुक्त आयोजनामा आरम्भ भएको जुलुस नगर परिक्रमा गरी सभामा परिणत भयो। रिक्सा चालक यूनियनका केन्द्रीय सदस्य छविधन मोतेको अध्यक्षतामा सम्पन्न सो सभाका प्रमुख अतिथि नेकपा (एमाले) का सगरमाथा अञ्चल सचिव नरेन्द्र राज पोखरेल हुनुहुन्थ्यो। सभामा सांसद रामचन्द्र यादव, कृमसंघका गिरीधारी मैनाली, युवासंघका जितेन्द्र प्रकाश महतो लगायत प्ररायुसंघ, विद्यार्थी संगठन, कर्मचारी संगठनका प्रतिनिधिहरुले मन्तव्य दिनुभएको थियो।

**बिराटनगर** : जिफन्टको आयोजनामा बिराटनगरमा मजदुर जुलुस, सभा तथा क. मनमोहन अधिकारीका सहयोद्धा मजदुरहरूलाई सम्मान गरी भव्य रूपमा मनाइयो। नेकपा (एमाले) स्थायी कमिटीका सदस्य के. पी. ओलीको प्रमुख आतिथ्यमा सम्पन्न सो सभाका अध्यक्ष अंचल अध्यक्ष योगिलाल यादवले सभापतित्व गर्नुभएको थियो। सभामा जिफन्टका क्षेत्रीय संयोजक ओम कोइराला र नेकपा एमालेका केन्द्रीय सदस्य गुरु बराल लगायतले आआफ्नो मन्तव्य दिनुभयो।

यसरी नै देशका अन्य भागहरू महाकालीको त्रिभुवन वस्ती, धनगढी, पाल्पा, गुल्मी, अर्घाखाँची कपिलवस्तु, नवलपरासी, संखुवासभा आदि क्षेत्रमा मे दिवसको उपलक्ष्यमा जुलुस तथा सभाहरू भएको समाचार प्राप्त भएको छ।

# हामी किन बृहत एकताको कुरा गरिरहेका छौं ?



मुकुन्द न्यौपाने

आजको बदलिंदो परिस्थितिमा ट्रेड यूनियन आन्दोलनलाई कसरी अगाडि बढाउने? यस सवालमा विचारको क्षेत्रमा अझै पनि अन्यौल छन्, गडबडीहरू छन् र अस्पष्टताहरू छन्। ट्रेड यूनियनहरू एउटा हुनु राम्रो कि दुईटा हुनु राम्रो ? जस्ता सवाल पनि आज बहसका विषय बनेका छन्।

हामी विचारको स्वतन्त्रताको पक्षमा छौं, संगठनको स्वतन्त्रताको पक्षमा छौं। सारमा हामी वर्गीय स्वार्थको पनि कुरा गाँसिएको राजनैतिक स्वतन्त्रताको पक्षमा छौं।

हाम्रा अगाडि धेरै उदाहरणहरू छन्- आफ्नो स्वार्थको लागि पूँजीपतिहरू कसरी एक ढिक्का हुन्छन् भन्ने कुरा होटल मजदुरको १० प्रतिशत सेवाशुल्कको आन्दोलनले छर्लंग पारेको छ। यो आन्दोलनले सरकारलाई पनि त्यसै गरी उदांग पार्‍यो। राज्य शासकहरूको संगठन हो र वर्तमान शासकहरू पूँजीपति वर्गको पोल्टाको खेलौना मात्र हुन् भन्ने कुरा सरकारले चालेको कदमले छर्लंग पारेको छ। यो वर्ग स्वार्थको कुरा हो। सत्तामा बस्नेहरू त्यही वर्गको स्वार्थ रक्षा गर्न चाहन्छन् र उनीहरू आफू पनि स्वयं त्यो वर्गतर्फ रूपान्तरित हुँदैछन्। त्यसैकारण उनीहरू मजदुरलाई घृणा गर्छन्, तिरष्कार गर्छन् र उनीहरूमाथि दमनमा उत्रन्छन्।

नेपाल ट्रेड यूनियन महासंघले यही वर्गीय कुरोलाई आधार बनाएर एक वर्ग-एक संगठन-एक कारखाना-एक यूनियनको कुरो उठाएको थियो। मजदुर एउटा वर्ग हो, उसको एउटै स्वार्थ छ, एउटै उद्देश्य र लक्ष्य छ। त्यो सामाजिक मुक्ति वर्गीय मुक्ति र चर्को शोषणबाट मुक्ति। जब लक्ष्य उद्देश्य एउटै छ भने संगठन किन दुई, तीन, चार बनाउने? हाम्रो यो कुरोमा हामीले कुनै संगठन माथि प्रतिबन्ध लागाउने कुरा गरेका थिएनौं, राजनैतिक स्वतन्त्रतामा हस्तक्षेप गर्ने कुरा गरेका थिएनौं, विचारको स्वतन्त्रतामा हस्तक्षेप गर्ने कुरा गरेका छैनौं। तपाईं कुन विचारमा भोट हाल्नुहुन्छ, कुन आस्थामा मत हाल्नुहुन्छ, त्यहाँ हाम्रो कुनै हस्तक्षेपको कुरै छैन।

हामी आज किन वृहत एकताको कुरा गरिरहेका छौं? सामान्यतया हामी प्रजातन्त्र, स्वतन्त्रता र समाजवादप्रति वैरभाव नराख्ने सम्पूर्ण ट्रेड यूनियनहरूलाई एकताबद्ध गर्न खोजिरहेका छौं। श्रमको क्षेत्रमा लागेर योगदान गर्नेहरूलाई एकताबद्ध गर्न खोजिरहेका छौं। हामी धेरैभन्दा धेरै मानिसहरूलाई लिएर हिंड्न चाहन्छौं। आन्दोलनको इतिहासले पुष्टि गरेको छ- जसले धेरै मानिसहरूलाई लिएर हिंडे तिनीहरूले धेरै ठूला सफलताहरू हासिल गरे। जसले धेरै मानिसलाई साथ लिन सकेनन्, तिनीहरू ढले। हाम्रो वर्तमान एकल ट्रेड यूनियनको नीति पनि धेरै मानिसलाई समेटेर लाने नीति नै हो। यसलाई यसै गरी बुझ्न जरुरी छ।

ट्रेड यूनियन आन्दोलन के हो? यसको संगठनको स्वरूप कस्तो हुने? ट्रेड यूनियनहरू राजनैतिक पार्टीका इकाइको रूपमा जाने कि स्वतन्त्र संगठनको स्वरूप ग्रहण गर्ने? अनि ट्रेड यूनियन संगठनहरूको राजनीतिप्रतिको रुख कस्तो रहने? आज मात्र हैन ट्रेड यूनियन आन्दोलनको शुरुवात कालदेखि नै यो विषयहरू बहस वादविवाद र मतभेदका विषयहरू बनेका छन्। नेपाल ट्रेड यूनियन महासंघले यस सम्बन्धमा आफ्नो धारणालाई शुरूदेखि नै स्पष्ट गर्दै आएको छ। हामीले भनेका छौं पार्टी भनेको मजदुरहरूको अगुवाहरूको दस्ता हो। त्यति मात्र होइन पार्टीमा विभिन्न वर्गबाट मानिसहरू समावेश हुन्छन् र ती एक निश्चित राजनैतिक लक्ष्यको लागि संगठित हुन्छन्। त्यहाँ सबै कामदारहरू अटाउन सक्तैनन्। निम्न बुर्जुवाबाट प्रभावित मजदुरहरू, अर्ध सर्वहाराहरू, सर्वहारा वर्गकै ठूलो अचेतन हिस्सा मिलेर मजदुर भित्रको अत्यन्त ठूलो बहुमत बन्न जान्छ र त्यो नै आन्दोलनको मुख्य शक्तिको रूपमा अगाडि आउँछ। वास्तवमा ट्रेड यूनियन संगठन भनेको यी नै ठूलो संख्यामा रहेका अशिक्षित, असंगठित र अचेतन मजदुरहरूको संगठन हो। हाम्रो देशमा कृषि लगायत सम्पूर्ण क्षेत्रका कामदारहरूको संख्याको आंकलन गर्ने हो भने सरदर ३५ लाखको हाराहारीमा पाउन सकिन्छ। मानी लिनुस् सबै

ट्रेड यूनियनहरूमा संगठित मानिसको संख्या ५ लाख नै रहेछ भने पनि ३० लाख मानिस त बाहिरै छन्। अनि हामीले बनाएको नीतिले ३० लाख मानिसलाई समेट्ने कि ५ लाखमै सीमित रहने?

त्यसैले जनताका संगठनहरूले अत्यधिक लचिलो हुनुपर्छ र ढोकालाई साँघुरो पार्ने हैन त्यसलाई खुकुलो बनाउनै पर्छ। यसो गर्न सकिएन भने ट्रेड यूनियन आन्दोलन मुट्ठीभर अगुवाहरूको मात्र आन्दोलनमा परिणत हुनेछ र त्यो बुर्जुवा शक्तिबाट सधैं पराजित हुने खतारामा रहिरहन्छ।

“ट्रेड यूनियनका सदस्यहरूलाई कुनै विशिष्ट राजनैतिक दृष्टिकोण अपनाउन कुनै प्रकारको दवाव सृजना गर्नु हुन्न। स्वेच्छिक सदस्यतालाई वृहत बनाउनु पर्छ। आफ्नो इच्छाले नै संगठित हुने वातावरणको सृजना गर्नुपर्छ।”

हाम्रो निम्ति आजको गम्भीर खतरा भनेको आम मजदुर जनताबाट अलगाव हो। यसै खतरालाई ध्यानमा राखेर हामीले तेस्रो महाधिवेशनबाट संगठनको स्वरूपमा केही विस्तार गऱ्यौं। अब हामीसंग १० वटा अंचल कमिटीहरू छन् र ती कमिटीमा प्रतिष्ठान स्तरका घटक यूनियनबाट पनि प्रतिनिधित्वको व्यवस्था गरिएको छ। त्यसको उद्देश्य आम मजदुर जनतासंग महासंघको सम्बन्ध जोड्न नै हो। तपाईंहरूलाई राम्ररी थाहा छ जब दुइटा गाउँहरूको सम्बन्ध नदीले विच्छेद गरिदिन्छ तब मानिसले ती गाउँको सम्बन्ध जोड्नलाई पुलको व्यवस्था गर्छन्। यदि पुल भरपर्दो भएन भने धेरै मानिसहरू त्यसबाट हिंड्दैनन्। अति आवश्यक काम परेका र लडेर मरे पनि मारियोस् भनी गति छोडेका मानिस मात्र त्यसमा चढ्ने गर्छन्। हाम्रा अंचल कमिटीहरू यस्तै भरोसा गर्न नसकिने पुल भए भने त्यहाँ को चढ्लान् र? त्यसैकारण उसले आफूलाई भरोसायोग्य पुलमा परिणत गर्नै पर्छ।

हामीले हाम्रा कामलाई दुई भागमा विभाजित गर्नु पर्छ। एउटा कार्यालयबाट गरिने काम र अर्को मैदानबाट गरिने काम। यी काममध्ये कुनैलाई पनि तपाईंहरूले आवश्यकताभन्दा बेसी घटाएर वा बढाएर हेर्नुभयो भने काम चल्दैन। आज मैदानमा काम गर्ने साथी र कार्यालयमा काम गर्ने साथीको बीच कामको महत्त्व र त्यसको उद्देश्यको बारेमा स्पष्ट ज्ञान भएन भने अन्तर्विरोध उत्पन्न हुनसक्छ। मैदानमा काम गर्ने साथीहरूले सिधै जनतामा सम्पर्क बढाएर प्रत्यक्ष अनुभव प्राप्त गर्ने अवसर पाएकोमा कार्यालयको कामको महत्त्वलाई घटाएर हेर्न सक्छन्। त्यसैले सांगठनिक कामलाई व्यवस्थित बनाउन यी दुवै कामको महत्त्वलाई गहिराइका साथ बुझ्न जरुरी छ। मैले सरसर्ती अध्ययन गर्दा के पाएको छु भने हाम्रा कार्यालय यसै पनि थोरै छन् र मैदान ठूलो छ। आज कार्यालयका कामहरू हैन मैदानका कामहरू कमजोर भएका छन्।

यसैकारण हामीले बौद्धिक काम र बलका कामको महत्त्व, शारीरिक काम र मानसिक कामको महत्त्वलाई गंभीरतापूर्वक लिनै पर्छ र एक अर्कालाई सम्मान गर्नैपर्छ। आज कतिपय साथीहरूमा आफूले कम्प्युटर नसिकेकोमा अनि अंग्रेजी भाषा नजानेकोमा आफै प्रति गुनासो गरेको पनि सुनिन्छ। अनि कतिपय साथीहरू त अंग्रेजी जान्ने र कम्प्युटर सिक्नेहरूले आफूलाई हेला गरेको गुनासो पनि गर्छन्। मलाई लाग्छ कम्प्युटर र अंग्रेजी जानेको कारणले कसैले कसैलाई हेप्दैन। हेप्छ भने उसले आफ्नो काम र अरूको कामको महत्त्वलाई बुझ्न नसक्दा वा भनौं काम प्रतिको अज्ञानताको कारणले अरूलाई हेप्न सक्छ। यस्तो अज्ञानता हरेक क्षेत्रमा हुनसक्छ।

यो हेप्ने भनेको कुरा त दाश समाज र सामन्त समाजकै उपज हुन्। यसको उपचार भनेको वर्गीय चेतना र मानवप्रतिको सम्मानको भावनामा वृद्धि नै हो। हामीले जति बढी पुराना संस्कारलाई पन्छाउँछौं, जति बढी मजदुर वर्गीय भावनाले ओतप्रोत हुन्छौं, त्यतिनै बढी हेप्ने र हेपिने कुराबाट मुक्त हुन्छौं।

हाम्रो कार्यप्रणाली भित्र मूलतः ४ वटा कुराहरू पर्दछन् (१) राजनैतिक काम (२) वैचारिक काम (३) सांठनिक काम (४) अध्ययनको काम।

पहिलो राजनैतिक काम - संगठनभित्र एकता कायम गर्नु, यसको अर्थ हो सामन्ती र निम्न पूँजीवादी व्यवहारको अन्त्य गर्नु, एक अर्कालाई होच्याउने, घोच पेच गर्ने, दपेट्ने, डाट फट्कार गर्ने, काममा असहयोग गर्ने र कमी कमजोरीप्रति निस्क्रिय दर्शकको भूमिका निर्वाह गर्ने प्रवृत्ति आदिको अन्त्य गर्नु। एक अर्कालाई सहयोग गर्ने, सामूहिक जिम्मेवारी र व्यक्तिगत उत्तरदायित्वको बीच समन्वय गर्दै सचेत अनुशासन र पद्धतिको निर्माण र पालना गर्नु।

दोस्रो, संगठन र आम मजदुरमा एकताको सिद्धान्त - यसको अर्थ मजदुरहरूका हितको रक्षा गर्नु, उनीहरूका सुख दुखमा चासो लिनु, उनीहरूलाई संगठित गर्नु, उनीहरूसंगको सम्पर्कलाई निरन्तर र जीवन्त बनाउनु।


तेस्रो, अन्य ट्रेड यूनियनहरूसंग एकताबद्ध हुने र हाम्रो संगठनमा आउनेहरूप्रति असल व्यवहार गर्ने सिद्धान्त-प्रतिद्वन्द्वीहरूभित्रको अन्तर्विरोधहरूको निरन्तर अध्ययन र उनीहरूभित्रको अवस्थाको सही सूचना प्राप्त गर्नु र उनीहरू बीचको अन्तर्विरोधलाई सही ढंगले उपयोग गर्नु।

दोस्रो, वैचारिक कामले कामको शैलीलाई जनाउँछ। आफ्नो कामलाई नियमितता दिने, कामको सिंहावलोकन गर्ने, र कामकै सिलसिलामा जनवादी शैलीको विकास गर्ने, मजदुरका बीच जाने, उनीहरूको मनोभावना बुझ्ने उनीहरूका इच्छाहरूको जाँच पडताल गर्ने, उनीहरूका आवश्यकता र इच्छा अनुसार आफूलाई चलाउने अर्थात उनीहरूबाटै लिएर उनीहरूलाई दिने शैलीको विकास गर्ने।

कमी कमजोरीहरू पत्ता लगाउने, आफूलाई थाहा भएको कुरा खुलस्त भन्ने, जालझेल र षड्यन्त्र नगर्ने, पछाडि कुरा नकाट्ने, बैठकमै आफ्ना सबै कुराहरू राख्ने, गल्ती गरेकाहरूप्रति नरम

(पेज नं. १९मा...)


# जनआन्दोलन



बहुदलको घोषणापछि चैत्र २७ गते खुल्लामंचमा हर्षोल्लास गरिरहेका जनसमुदाय



चैत्र २७ गते महेन्द्रको शालिकमा शहीदको फोटो राखेर कम्युनिस्ट र कांग्रेसको भण्डा फहराएको



प्रजातन्त्र प्राप्तिको यो हर्षोल्लास




बैशाख १० गते पुलिसले बर्बर किसिमले बागबजारमा मारिएको अज्ञात व्यक्ति



चैत्र २४ गते जनलाव्दारा राजा महेन्द्रको शालिक तोडफोड, आक्रोशित युवकले शालिकको राजदण्ड छिनाल्दै

तस्विर: प्रजातन्त्रको उदय

# ...फेरि अर्को जनआन्दोलन



खै हाम्रो प्रजातन्त्र

पुलिस दमनको प्रतिरोध गर्दै

जनप्रतिनिधिलाई बचाउने प्रयासमा महिला सांसद

प्रतिरोध गरिरहेका महिला आन्दोलनकारी

नेकपा एमालेका नेता क. केशव बडालमाथि
पनि पुलिसको बर्बर अत्याचार

भ्रष्ट प्रधानमन्त्रीको राजिनामा माग गर्दै
निस्केको जुलुसमा पुलिसको बर्बर दमन

तस्बिरः प्रजातन्त्रको उदय

# थाइल्याण्ड र वर्ग संघर्ष

-उमेश उपाध्याय



थाइल्याण्डको वर्ग संघर्षको वर्तमान स्थितिलाई सामान्य सतहबाट हेर्दा मजदुर वर्ग थाइ समाजको सबैभन्दा ठूलो वर्ग बन्न लागेको छ। १९९६ कै तथ्यांकलाई हेर्दा पनि वर्ग संरचना निम्न बमोजिम देखिन्छ :

- पूँजीपति र नयाँ मध्यम वर्ग - ७ लाख (२.२ प्रतिशत)
- साना व्यापारी र पारिवारिक श्रमिक - ४० लाख (१३.५ प्रतिशत)
- किसानहरू - १ करोड ३८ लाख (४३.३ प्रतिशत)
- मजदुरहरू - १ करोड ३० लाख (४१.० प्रतिशत)

किसान वर्ग संख्यामा ठूलो देखिए पनि निरन्तर खिइंदो अवस्थामा छ र मजदुर वर्ग नै बढ्दो छ। यस संगसंगै ग्रामीण क्षेत्रबाट शहरी क्षेत्र र कृषिबाट उद्योग तथा सेवाका विभिन्न क्षेत्रमा मजदुरहरूको संख्या बढिरहेकै छ। त्यसैले वर्ग संघर्षको केन्द्र पनि गाउँ रहेको छैन, शहर नै बन्न पुगेको छ। शहरमा पनि मूलत: बैकक राजधानी नै वर्ग संघर्षको केन्द्र बन्दै आएको छ।

कृषिमा हुँदै आएको आधुनिकीकरणले गर्दा कृषि मजदुरको संख्या कटौती हुँदै आएको छ। त्यस्तै वेरोजगारी नै भए पनि शहरको मजदुर गाउँमा आधार भए पनि र मनले गाउँमा फर्कन चाहे पनि गाउँमा उसका लागि विकल्पहरू समाप्त हुँदै गएका छन्। तसर्थ दिक्दारी र शोषणबाट वाक्क भएर गाउँ फर्कन नसक्ने भएकोले संघर्ष गर्दै शहर र मूलत: बैंककमा जमिरहनु मजदुरहरूको विशेषता नै बन्दै गएको छ।

तर थाइ मजदुर वर्गको सारै सानो संख्या मात्र यूनियनमा छ - मात्र ३.३ प्रतिशत (१९९७ को तथ्यांक हेर्दा) यूनियनीकरणमा केही प्रगति भए पनि उल्लेखनीय वृद्धि हालका महिनाहरूमा पनि भएको छैन।

त्यसैले १९९७ को पूर्वी एशिया तथा दक्षिण पूर्वी एशियामा आएको आर्थिक संकटको समयमा पनि राष्ट्रव्यापी श्रमिक आन्दोलन उठ्न सकेन। बीसौं लाख श्रमिकहरू वेरोजगार हुँदा पनि रोषहरू प्रकट भए, छिटफुट आन्दोलनहरू भए र कुनै ठूलो उपलब्धि विना नै समयक्रममा सेलाएर गए। तर १९९० यताको एउटा महत्त्वपूर्ण उपलब्धि के हो भने आफूलाई मध्यम वर्ग ठान्ने सुकिलापोश श्रमिकहरू (बैंक-वित्तीय क्षेत्र, कम्प्युटर टेबल र एयर कण्डीसन्ड कोठाहरूमा काम गर्ने) ले आफू मध्यम वर्ग होइन र मजदुर नै हो भन्ने अनुभूति गर्न थाले। पहिले पहिले पनि संगठित हुने र कानूनी संघर्षहरू गर्ने काम उनीहरूले गरेका थिए, यसको इतिहास खोतल्दा सन् १९३१ सम्म पुग्न सकिन्छ। तै पनि आम मजदुरहरूसंग काँध मिलाएर आन्दोलित हुने नयाँ प्रवृत्ति उनीहरूले १९९२ र १९९७ का संघर्षहरूमा देखाए।

वास्तवमा थाइ समाजमा पनि मध्यम वर्ग भन्नु धेरैलाई भ्रमित पार्ने शब्द मात्र रहेछ भन्ने कुरा १९७५ र १९९६ को सम्पत्ति वितरणको अवस्थालाई तुलना गर्दा प्रष्ट हुन्छ। सबैभन्दा धनी २० प्रतिशत मानिसले १९७५ मा कूल सम्पत्तिको ४३ प्रतिशत प्राप्त गर्दथे भने १९९६ मा ५५.४ प्रतिशत प्राप्त गर्न पुगेको देखिन्छ। त्यस्तै सबैभन्दा गरीब २० प्रतिशतले १९७५ मा ६ प्रतिशत प्राप्त गर्दथे भने १९९६ मा ४.५ प्रतिशत मात्र पाएको देखिन्छ। मध्यम वर्ग थाइ समाजमा विकसित हुन्थ्यो भने सम्पत्तिको भाग तल्लो तहमा ६ प्रतिशत बाट ४.५ प्रतिशत भए पनि माथिल्लो तहमा ४३ प्रतिशतबाट तल झर्नुपर्दथ्यो, उल्टो त्यति ठूलो भाग सबैभन्दा धनीहरूमा जान

सक्दैनथ्यो। बीचका ६० प्रतिशत मानिसहरूको कूल सम्पत्तिमा भाग बढ्नु पर्दथ्यो, तर त्यो ५१ प्रतिशतबाट घटेर ४०.१ प्रतिशतमा आइपुग्यो। यसरी थाई समाजमा मध्यमवर्ग राम्रो प्रगति भएको सम्पन्नताको वेलामा झन् खिइएको देखिन्छ। त्यसैले १९७३ र १९७६ को भन्दा १९८१, १९९२ र १९९७ का श्रमिक संघर्षहरू बढी प्रभावकारी पनि बन्न सके। यसै अवधिमा वर्ग संघर्षमा सुकिलापोशे र नीलोपोशे श्रमिकहरूको बीच भेदभाव पनि क्रमशः कम भएर गयो र ट्रेड यूनियन आन्दोलनको घेरा बढेर गयो।

तर ट्रेड यूनियन आन्दोलनमा औपचारिक प्रवृत्ति बढेर गएको छ। “वर्ग संघर्षका पुराना तरिकाको अब काम छैन” भन्ने दृष्टिकोणका साथ “असल औद्योगिक सम्बन्ध कायम राख्ने” बानी हुर्केको छ। थाइल्याण्डको कम्युनिस्ट पार्टीका स्टालिनवादी र माओवादी नीतिहरूको विफलताले पनि मजदुर वर्गीय आन्दोलनलाई अर्कै कोणतिर मोडिदिएको छ। थाइल्याण्डमा पूँजीवादको चरम विकासलाई विश्लेषण नगरी अर्ध सामन्ती देशमा संचालित वर्ग संघर्षको आँखाबाट हेर्दा थाई कम्युनिस्ट पार्टीले विफलताहरू बेहोऱ्यो। सरकार भने निरन्तर विकासमान मजदुर वर्गका जुझारूपनलाई दमन र घुसपैठका साथ वित्तीय हिसाबले परनिर्भर बनाउन पनि सक्रिय रह्यो। एन.जी.ओ.हरू र विश्वविद्यालयका अनुसन्धाताहरूले पनि असल औद्योगिक सम्बन्धका नाममा मजदुर वर्गलाई ऐन र कागजका घेरामा बाँध्न सहयोग गरे। एन.जी.ओ.हरूले वित्तीय परनिर्भरतामा यूनियनहरूलाई धकेल्नमा सबैभन्दा ठूलो भूमिका खेले। यसले यूनियनहरूको तल्लो तहको जन आधार कमजोर भएर गयो।

यूनियनहरूको नेतृत्वमा पनि तीन किसिमका मानिसहरू प्रभावशाली भए :

- भ्रष्टाचारमा लिप्त दादागिरी गर्ने ट्रेड यूनियन नेताहरू
- सरकारी स्वार्थ अनुरूप चल्ने छद्मभेषी नेताहरू
- भावना राम्रो भए पनि क्रमशः नोकरशाही तरिकामा रमिएका नेताहरू

प्रतिष्ठानस्तर होस् वा क्षेत्र स्तरीय यूनियन समूहहरू, विभाजन र सांगठनिक दुर्वलताहरू थाई मजदुर वर्गमा व्यापक देखिन्छ। राष्ट्रिय स्तरमा केही औद्योगिक संघहरू र कांग्रेस भनिने ८ वटा राष्ट्रिय केन्द्रहरू विद्यमान छन्। तर थाइ ट्रेड यूनियन आन्दोलनका विश्लेषकहरू औद्योगिक संघहरू र कांग्रेसहरूलाई प्रतिनिधिमूलक होइन, नोकरशाही तरिकाले गठित र संचालित मान्दछन्।

विद्यमान स्थिति उत्साहवर्धक नदेखिए पनि १९९७ को संकट यता थाइ श्रमिक वर्ग बढी सचेत हुन पुगेको छ। अस्तव्यस्त र दमित वर्ग संघर्षको स्थितिमा पनि विगतमा राजनीतिक परिवर्तनहरूमा थाइ मजदुर वर्गको भूमिका महत्त्वपूर्ण रहेको थियो। १९३२ को निरंकुश राजतन्त्र विरुद्धको क्रान्ति होस् वा १९७३ मा सैनिक शासन समाप्त गर्न गरिएको आन्दोलन वा बीचका धेरै आन्दोलनहरू - श्रमिक वर्गको भूमिका र संघर्ष उल्लेखनीय रहेको थियो। यद्यपि यो संघर्षहरू एकीकृत र एकताबद्ध थिएनन्, धेरैजसो स्वस्फूर्त र छरिएका। तर विगत ४।५ वर्ष यता राजनीतिक भूमिकाप्रतिको सचेतता निकै बढेको छ र यसले वर्ग संघर्षको ढाँचामा परिवर्तन आउन सक्ने सम्भावनाहरू बढ्दै गएका छन्।

**(पेज नं. १५ को बांकी...)**

व्यवहार अपनाउने र आफू भरसक गल्ती गर्नबाट जोगिने।

तेस्रो, कमिटी प्रणाली। कमिटी प्रथा भनेको सामूहिक नेतृत्वको प्रथा हो। सामूहिक नेतृत्वको ग्यारेन्टी नभएसम्म कमिटी स्थापित हुँदैनन् र उचित कार्य प्रणालीको पनि विकास हुँदैन। कमिटीको फैसलालाई सर्वोपरि राख्नुपर्छ।

चौथो अध्ययन : अध्ययन हाम्रो संगठनका कार्यकर्ताहरूको जीवनको महत्त्वपूर्ण पक्ष हो। “सुन उत्जुङ्ग भन्ने एक जना शैन्य वैज्ञानिकको भनाइलाई ध्यानमा राखौं, उनी भन्छन् “पहिले वैरीलाई चिन अनि स्वयं आफूलाई चिन, अनि मात्र तिमी कुनै हारको खतरा विना सयौं लडाइमा अघिबढ्न सक्नेछौ।” वास्तवमा आज हाम्रा साथीहरूले आफ्ना वैरीलाई बिर्से, जसको परिणाम आफैलाई बिर्से। आज हाम्रो वैरी कति चुस्त दुरुस्त छ, कति गतिशील छ र कति संगठित छ, कति कुराले सुसज्जित छ के हामीले यसको हेक्का राखेका छौं? यसै महत्त्वपूर्ण पक्षलाई ध्यानमा राखेर आज नेपाल ट्रेड यूनियन महासंघले अध्ययनका विविध सामग्रीहरू प्रकाशित गरेको छ। हामीले प्रत्येक वर्ष जिल्ला स्तर र अंचल स्तरसम्म गएर पनि राजनैतिक वैचारिकदेखि लिएर व्यवस्थापन र प्राविधिक तहका प्रशिक्षण पनि संचालन गरेका छौं।

आज एउटा पूँजीवादी संगठनको मान्छे अमेरिकाबाट नेपाल आउँछ, एउटा २ पेजको कार्यपत्र पेश गर्छ। त्यसमा दिनभरि छलफल गरिन्छ र निचोड निकालिन्छ। त्यो एउटा कार्यपत्र पेश गर्ने मानिसको लागि दशौं हजार खर्च गरिन्छ पूँजीवादीहरू संसारभरि नै आफ्नो नियन्त्रणको लागि यसरी नै छरिएका छन् सक्रिय भएका छन् र हरेक देशमा श्रमिकलाई नियन्त्रण गर्ने बारेमा छलफल गरिरहेका छन्। अध्ययन गरिरहेका छन्। अनि हामी नि? हाम्रा साथीहरूले लेखहरू लेखेका छन्। पुस्तकहरू प्रकाशित गरेका छन् र तपाईंहरूका हातमा पुऱ्याएका छन्। अनि हाम्रा प्रशिक्षकहरू तपाईंहरूका आफ्नै ठाउँमा पुगेर कहिले भोकै रहेर भए पनि तपाईंहरूको स्तर उठाउन तपाईंलाई मद्दत गरिरहेका छन्। तर पनि तपाईं आलस्यताको घेरामा पर्ने, लापरवाही गर्ने, र समय परिस्थिति अनुसार गतिशील हुने प्रयत्न गर्नु हुन्न भने के तपाईंले अरूलाई दोष दिन मिल्छ र? यसबारे अब म धेरै कोट्याउन चाहन्न।

(नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय परिषदको पहिलो बैठकमा प्रस्तुत मन्तव्यको अंश)




"फिडेल, यतिवेला मलाई हाम्रो पहिलो भेटको संझना भइरहेको छ।.... तिमीले कसरी यात्राको प्रस्ताव गरेका थियौ र कस्तो जोडदार तयारी गर्दै थियौ, एकपल्ट मलाई सोधिएको थियो - यदि मेरो मृत्यु भयो भने कसलाई खबर गरिदिने भनेर। म अचम्म परेको थिएँ - यस्तो पनि हुन सक्छ र भनेर। पछि मलाई थाहा भयो - यो सत्य थियो। क्रान्तिमा (यदि त्यो साँच्चैको क्रान्ति हो भने) या त विजय प्राप्त हुन्छ या मृत्यु। ... मैले महसुस गरिरहेको छु कि मैले आफ्नो कर्तव्यलाई आंशिक रूपमा पूरा गरें, जसले मलाई क्युबाली भूमिमा क्युबाली क्रान्तिसंग आबद्ध गरेको थियो। र यसैले म तिमीसंग, तिम्रा कमरेडहरूसंग निम्न जनताहरूसंग जो अब मेरो आफ्नै भएका छन्, बिदा लिन्छु। ... अब मेरो विनम्र सेवाको खाँचो विश्वका अरू राष्ट्रहरूलाई छ। .. म यो सूचित गर्न चाहन्छु कि यसो गर्दा मलाई हर्ष र विषाद दुवैको अनुभव भइरहेको छ। एक निर्माता र आफ्ना प्रियजनको सबभन्दा प्यारो व्यक्तिको रूपमा म आफ्नो पछाडि अति उज्ज्वल आशाहरू छाडेर जाँदैछु। म ती मान्छेहरूसंग बिदा लिंदैछु, जसले मलाई आफ्नो छोराको रूपमा स्वीकारेका छन्। .. म युद्धको नयाँ मोर्चामा आफूसंग त्यो आस्था लिएर जाँदैछु, जसलाई तिमीले जगाएका थियौ, म आफ्ना जनताहरूको क्रान्तिकारी भावना र आफ्नो सबभन्दा पुनित कर्तव्य पूरा गर्ने भावना लिएर जाँदैछु, जसले भन्छ - जो जहाँसुकै किन नहोस्, उसले साम्राज्यवादको विरुद्ध संघर्ष गर्नुपर्छ। यो संकल्पले मलाई राहत दिन्छ र आफ्नो गहिरोभन्दा गहिरो घाउ पनि भरिदिन्छ। .. मलाई आफ्नी पत्नी र छोराछोरीहरूको लागि कुनै पनि भौतिक वस्तु छाडेर गएको छैन भन्ने संझदा कुनै अफसोस लागिरहेको छैन। म खुसी छु यसो भएकोमा म उनीहरूको लागि केही माग्दिन। राज्यले उनको पालन पोषण र शिक्षाको लागि प्रयास प्रवन्ध गर्नेछ। ... सदैव विजयतर्फ, स्वदेश या मृत्यु, क्रान्तिकारी जोशका साथ म तिमीलाई अंकमाल गर्छु।" चे ग्वेभाराले बिदा हुने वेलामा फिडेल क्यास्ट्रोको नाममा यस्तो चिठ्ठी लेख्नुभएको थियो।

अर्जेन्टिनामा जन्मेर, ग्वाटेमाला आन्दोलन गर्दै र मेक्सिकोमा कठोर श्रम गर्दै क्युबाका क्रान्तिनायक बनेका अर्नेस्टो चे ग्वे भारासंग अमेरिकी शासकहरू कति बिघ्न आतंकित थिए भने वहाँको लासलाई पूरै तीस वर्षसम्म गुपचुपमा राखियो, गुप्तचरहरूले वहाँका हातहरू काटिदिए। क्युबाको मुक्तिपछि "अमेरिकन न्यूज एण्ड वर्ल्ड रिपोर्ट" ले लेखेको थियो - अर्नेस्टो चे ग्वेभारा नै क्युबाको क्यास्ट्रो सरकारको "मस्तिष्क" हो।... उसको लागि क्यास्ट्रोको क्युबा सम्पूर्ण ल्याटिन अमेरिकामाथि विजय प्राप्त गरेर त्यसलाई लाल बनाउन खुट्टो अड्याउने एउटा ढुंगा मात्र हो। फिडेल या राउल क्यास्ट्रो होइन, चे ग्वेभारा नै हो, जसले तीव्र गतिमा घुमिरहेको वर्तमान कालचक्रलाई नियन्त्रित गरिरहेको छ।

वास्तवमा चे ग्वेभाराको ३९ वर्षको छोटो जीवन आफैमा एउटा क्रान्तिकारी, रोमाञ्चक र प्रेरणाप्रद उपन्यास हो। एउटा सुसंस्कृत र सुशिक्षित परिवारमा जन्मेका चे ग्वेभारालाई व्यक्तिगत सुख, वैभव, परिवारमोह र विश्रामका कुनै पनि आकर्षणले तान्न सकेन।

त्यसैले त, शुरूमा क्यान्सर रोगबाट पीडित आफ्नी हजुरआमा र आमाको अवस्था देखेर चिकित्साशास्त्रको अध्ययनमा संलग्न र दमले सिकिस्त पार्दा पनि छ वर्षको कोर्स तीन वर्षमै सिध्याउने चे ग्वेभाराले पछि आफूलाई सम्पूर्ण रूपमा क्रान्तिमा समर्पित गर्नुभयो।

"शुरूमा मलाई लागेको थियो - म डाक्टर बन्छु, प्रसिद्ध अनुसन्धानकर्ता बन्छु र कुनै ठोस उपलब्धि हासिल गरेर देखाउँछु। तर जब पछि मैले देखें- गरिबीको कारणले खुद बाबुहरू आफ्ना सन्तानको मृत्युको कामना गरिरहेका छन् - मलाई लाग्यो एउटा प्रसिद्ध अनुसन्धान कर्ता हुनुभन्दा पनि महत्त्वपूर्ण कुरा हो - लक्ष्य, क्रान्तिको लक्ष्य।"

हो, क्रान्तिको यही महान लक्ष्यले चे ग्वेभारालाई अर्जेन्टिनाबाट टाढा पुऱ्याइदियो। कलेज जीवनमै मार्क्सवादको केही अध्ययन गरेका चेको ल्याटिन अमेरिका घुम्ने क्रममा बोलिभिया, पेरु, ट्रिनिडाड, ब्रिटिस गायना, चिली, कोलम्बिया, भेनेजुयला आदि देशमा व्याप्त गरिबी, वेरोजगारी, दमन र औपनिवेशिक थिचोमिचोले क्रान्तिकारी चेतनाको उर्जालाई अरू थपिदियो।

ग्वाटेमाला सुधारवादी सरकारको पतन पश्चात मेक्सिकोमा पुगेका चे ग्वेभाराको जुन १९५५ मा राउल क्यास्ट्रोसंग अचानक भेट भयो। राउल मार्फत फिडेल क्यास्ट्रोले क्युबामा क्रान्तिको निम्ति तयारी गरिरहेको थाहापाएपछि आगोको फिलिंगो जस्तै उर्जावान चे ग्वेभारालाई आफूले खोजेको बाटो प्राप्त भयो। आफ्नो पहिलो भेटको स्मरण गर्दै फिडेल क्यास्ट्रोले भन्नुभएको छ - "चेसंग मसित भन्दा बढी परिपक्व विचार थियो.. उनी मभन्दा ठूला क्रान्तिकारी थिए।"

यसरी अचानक जस्तै भएको यो भेट ल्याटिन अमेरिकाको भाग्यरेखा नै बदलिदिने निर्णायक विन्दु बन्न पुग्यो। वहाँहरू दुई जनाको कुशल नेतृत्वबाट निर्मित समाजवादी क्युवा आज विश्व क्रान्तिको लागि प्रेरणाको विषय मात्र बनेको छैन, यो अमेरिकी दाँतमा दर्शनढुंगा जस्तै बनेर त्यसलाई निरन्तर चुनौती पनि दिइरहेको छ।

१२ जना बस्न मिल्ने "ग्रान्मा" नामक सानो जहाजमा ८२ जना छापामारहरू २५ नोभेम्बर १९५६ मा मेक्सिकोबाट हिंडे र २४०० कि.मी. लामो बाटो पार गरेर आँधी तूफानसंग जुध्दै क्युबाली तटमा आइपुगे। तर निर्धारित ठाउँमा अवतरण गर्न नसकेकोले उनीहरू एक्सपोज भए। उनीहरूमाथि तानाशाह वाटिस्ताका सेनाले भीषण आक्रमण गऱ्यो। ४० जनाभन्दा बढी सहयोद्धाको मृत्यु, दर्जनौंको गिरफ्तारी पछि बाँकी बचेका घाइते कमरेडहरूले एकत्रित भएर संकल्प गरे - हामी परास्त भएका छौं र विजयी भई छाड्नेछौं। यो युद्धमा चे ग्वेभाराले स्टेथेस्कोप होइन, बन्दुक समाउनुभएको थियो।

त्यो सानो दस्ताले सैनिक चौकीहरूमाथि आक्रमण गर्दै र हतियार संकलन गर्दै, आफै भित्रका कायर, भगौडा र गद्दारहरू एवं वाटिस्टाका भीषण हवाइ आक्रमणको सामना गर्दै सियरा मास्त्राको पहाडलाई आफ्नो कार्यक्षेत्र बनायो। नयाँ छापामारहरू भर्ती गर्दै र उनीहरूलाई प्रशिक्षित गर्दै, किसानहरूलाई आन्दोलित गर्दै र शहरमा पनि कामलाई तीव्र पार्दै, शत्रु सेनाभित्र घुसपैठ गर्दै र त्यहाँ भित्रबाट पनि विद्रोह चर्काउँदै क्रान्तिलाई अघि बढाइरह्यो। साना शहरहरूबाट क्रमशः ठूला शहरहरू कब्जा गर्दै चेग्वेभाराको नेतृत्वमा जनवरी १, १९५९ मा सान्ता क्लारामाथि विजय हासिल गरियो। क्युबाली क्रान्ति विजयको निर्णायक विन्दुमा पुग्यो। तानाशाह बाटिस्टा भागेर डोमिनिकन गणतन्त्रमा शरण लिन पुग्यो। त्यसपछि चेकै नेतृत्वमा हवानामाथि आक्रमण गरियो र कब्जा गरियो। ल्याटिन अमेरिकामा पहिलो समाजवादी राष्ट्रको जन्म भयो।

तर क्युबाको मुक्ति मात्रै चे ग्वेभाराको सपना थिएन। "क्युबाली क्रान्तिको लागि आफूले सक्दो योगदान दिएको छु र अब क्युबा अजेय छ" वहाँले क्युबाली पार्टी, सरकार, सेना र नागरिकता जम्मैबाट राजिनामा दिनुभयो।

शुरूमा वहाँ अफ्रिकी क्रान्तिकारीहरूलाई सहयोग गर्न कंगो पुग्नुभएको थियो, जहाँ वहाँले अमेरिकी साम्राज्यवादद्वारा भरिएका नेता प्याट्रिस लुमुम्बाका साथीहरूलाई तुतुको नामबाट तालिम दिनुभएको थियो। नौ महिनापछि त्यहाँबाट फर्केर वहाँ ५० जना सहकर्मीहरूका साथ गोप्य रूपमै नोभेम्बर, १९६६ मा बोलिभिया प्रवेश गर्नुभयो। त्यहाँ नानकाउजू नदीको किनारमा रहेको जंगललाई आधार बनाएर छापामार युद्ध शुरू हुन्छ र वहाँको प्रसिद्ध "बोलिभियाली डायरी" को लेखन कार्य पनि त्यहींबाटै प्रारम्भ हुन्छ।

सीमित साधन स्रोतको आधारमा चे ग्वेभाराको नेतृत्वमा छापामारहरूले बोलिभियाका कतिपय गाउँ र शहरहरू कब्जा गरे र लगभग ८ महिनासम्म युद्धलाई अगाडि बढाए। परन्तु बोलिभियाली कम्युनिस्ट पार्टीको असहयोग, पूँजीवादी भूमिसुधारद्वारा जमीन प्राप्त गर्न सफल किसानहरूले छापामार युद्धलाई मद्दत नगर्नु, त्यसलाई विदेशी हस्तक्षेपको रूपमा लिनु र अमेरिकी साम्राज्यवादले बोलिभियामा चे ग्वेभाराले आन्दोलन हाँकिरहेका छन् भन्ने थाहापाएपछि गरेको भीषण दमन र आक्रमणको अगाडि चे ग्वेभाराको प्रयास सफल हुन सकेन। कतिपय ठाउँमा किसानहरूले नै सुराकी गरे, कतिपय छापामारहरूले नै आत्मसमर्पण गरे। भीषण आक्रमणमा वहाँको सहयोद्धा जोक्विनको समूह पूरै ध्वस्त भयो। यस्तो स्थितिमा १९६७ को अक्टोबर ८ मा वहाँहरूको टुकडी दुश्मनको घेरामा पऱ्यो। १७ जनाले बहादुरीपूर्वक प्रतिरोध गरे, तर केही लागेन। अन्त्यमा गोली सकिएका र घाइते अवस्थामा रहेका चे ग्वेभारालाई दुई जना सहयोद्धाहरू बिली र चिनोका साथ गिरफ्तार गरियो।

बोलिभियामा छापामार संघर्ष तीव्र पारिरहेको वेला युरोहालोमा घाइते भएर बन्दी बनाइएका चेग्वेभारालाई सीआइए एजेन्ट डाक्टर गोन्जालेजले सोध्यो "तिमी के सोच्दैछौ?" "म क्रान्तिको अमरत्वको बारेमा सोचिरहेको छु।" वहाँले संक्षिप्त तर सटिक रूपमा जवाफ दिनुभएको थियो। मृत्युको पूर्वसन्ध्यामा पनि केवल क्रान्तिको अमरताको बारेमा चिन्ता गर्ने यी महान क्रान्तिकारीलाई त्यसको केही घन्टा पछि अर्थात् ९ अक्टोबर १९६७ राती डेढ बजेतिर अमेरिकी र बोलिभियाली सैनिक अधिकृतहरूको उपस्थितिमा गोली हानेर कायरतापूर्वक हत्या गरियो।

चे ग्वेभाराकी छोरी अलिदाले भने झैं "महान सपनाहरूलाई केवल महान बलिदानद्वारा मात्रै साकार पार्न सकिन्छ।" चे ग्वेभाराको यो महान वलिदान हामी सबैको निम्ति प्रेरणाको स्रोत बनेको छ। यद्यपि क्रान्तिको स्वरूप सम्बन्धी वहाँका कतिपय मान्यताहरूमा आफ्नै खाले कमजोरीहरू छन्, तर यसले वहाँको निस्वार्थ वलिदानलाई कदापि पनि कम गर्दैनन्। चे ग्वेभारा आज पनि र भोलि पनि हाम्रो निम्ति प्रेरणाको स्रोत बनिरहनु हुनेछ।

# समाजवादी महिला र अन्तरराष्ट्रिय श्रमिक महिला दिवस

अन्तरराष्ट्रिय श्रमिक महिला दिवसको थालनी समाजवादी महिला आन्दोलनवाट शुरू भएको थियो। सन् १८९० बाट समाजवादी पार्टीका महिलाहरूले भोट हाल्ने अधिकारको माग गर्दै आन्दोलन अगाडि बढाएका थिए।

अन्तरराष्ट्रिय महिला आन्दोलनको शुरूवातकर्तामा क्लारा जेट्किनको नाम सबैभन्दा अग्रपंक्तिमा आउँछ। सन् १८९० बाट क्लाराले जर्मन समाजवादी पार्टीभित्र महिलाहरूको लागि छुट्टै समाजवादी कार्यक्रम बनाइन् र व्यवहारमा लागू गर्न थालिन्, जुन पछि विश्वभर नै एउटा नमुनाको रूपमा विकास भयो।

हाम्रा समाजवादी महिलाहरूको लागि यो सजिलो कुरा थिएन। सन् १८७५ तिर महिलाहरूको मताधिकारको आन्दोलनलाई पार्टीको कार्यक्रममा समावेश गर्ने कि नगर्ने भन्ने विषयमा ठूलो विवाद थियो। खास गरी चर्चको निकट रहेका मानिसहरूले महिलाहरूको छुट्टै कार्यक्रम संचालन गर्ने कुरालाई प्रतिक्रियावादी कदमको रूपमा व्याख्या गरेका थिए।

क्लाराले पहिलो पटक १८९१ मा आफ्नो पार्टी जर्मन समाजवादी पार्टी भित्र महिलाहरूको पनि समान राजनैतिक अधिकारको कुरा औपचारिक रूपमा राख्न र पारित गराउन सफल भइन्। महिला विरुद्धको रुवाइलाई जवाफ दिंदै जेट्किनले भनिन् "मताधिकार मानिसहरूलाई जम्मा गर्ने, संगठित गर्ने र प्रशिक्षित गर्ने एउटा माध्यम हो। राजनैतिक शिक्षाले महिलाहरूमा रहेको पछौटेपनलाई हटाएर अगाडि बढाउने काम गर्दछ।"

समाजवादी अन्तरराष्ट्रियभित्र



(क्लारा जेट्किन डा.थियो निउवरसंग कुराकानी गर्दै)

महिलाहरूको मताधिकारबारे सन् १९०० मा पहिलो पटक प्रस्ताव पारित भयो, तर पनि विभिन्न देशका पार्टीहरूले यस निर्णयको विरुद्धमा लाग्ने कामलाई जारी राखे। क्लाराले यसको विरुद्धमा अभियान नै संचालन गरिन्। सन् १९०७ मा समाजवादी महिलाहरूको पहिलो अन्तरराष्ट्रिय सम्मेलन जर्मनीको स्टुटगार्डमा सम्पन्न भयो। यसले महिलाहरूको मताधिकारको कुरालाई मूल विषयको रूपमा पारित गऱ्यो। यसको एक हप्तापछि समाजवादी अन्तरराष्ट्रियको सम्मेलन भयो। यस सम्मेलनले महिलाहरूको भोट हाल्ने अधिकारको कुरालाई कडाइका साथ उठाउनु विश्वभरका समाजवादी पार्टीहरूको कर्तव्य हो भन्ने कुरा पारित गऱ्यो।

यसको लागि क्लाराले धेरै जुझ्नु परेको थियो। तर, सम्मेलनबाट पारित भएपछि भने अब यो एउटा अभियानकै रूपमा शुरू भयो। अमेरिका, अष्ट्रिया र यूरोपका कतिपय देशमा जर्मनीको जस्तै महिलाहरूले छुट्टै संगठन बनाएर आन्दोलन अगाडि बढाउन थाले। अमेरिकाका समाजवादी महिलाहरूको पनि छुट्टै संगठन समाजवादी राष्ट्रिय महिला यूनियन थियो। जर्मनीमा महिलाहरूलाई राजनैतिक गतिविधिमा लाग्न छुट दिन नहुने कुरा कानूनमा नै उल्लेख गरिएको थियो र भनिन्थ्यो सबै महिला संगठनहरू राजनैतिक हुन सक्दैनन्। यसले सिंगो महिला नेतृत्व पंक्तिलाई अझै बलियो बनाउन सहयोग गऱ्यो। फिनल्याण्डको समाजवादी पार्टी अरूभन्दा फरक ढंगले महिलावादी आन्दोलनको पक्षमा देखियो र महिलाहरूको सशक्त संगठनको विकासमा सहयोग गऱ्यो। फलस्वरूप यूरोपेली देशहरूमध्ये यस देशका महिलाहरूले सबैभन्दा पहिला १९०६ मा मताधिकार प्राप्त पनि गरे। क्लारा जेट्किन र अन्य समाजवादी महिलाहरूले

आफ्नो कार्यक्रममा महिलाहरूको मताधिकार र श्रम कानूनमा महिलाहरूको लागि विशेष व्यवस्थाको माग राखे। सुत्केरी बिदा, शिशुस्याहार लगायतका महिला मजदुरसंग सम्बन्धित विषयहरूलाई श्रम कानूनमा समावेश गरिनु पर्ने माग त्यतिखेर देखि नै उठ्न थालेको हो। मताधिकारको आन्दोलनमै पनि समाजवादी र गैर समाजवादी महिला बीच धेरै भिन्नताहरू थिए । क्लारा महिलाहरूको वर्ग निरपेक्ष एकताको विपक्षमा थिइन्। बुर्जुवा महिलाहरू निरपेक्ष प्रतिस्पर्धाको कुरा मात्र गर्छन् र यसले आन्दोलनको संघर्षशीलतालाई ध्वस्त पारिदिन सक्छ भन्ने उनको तर्क थियो।

समाजवादी महिलाहरूको स्पष्ट धारणा के थियो भने मताधिकार मात्रै होइन श्रमिक महिलाहरूको संगठित हुने र अन्य राजनैतिक भूमिका र अधिकारको कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ। त्यसैले सन् १९०४ मा भएको समाजवादी महिलाहरूको सम्मेलनको निचोड छ "मताधिकार मात्रैको माग पूँजीवादीहरूले उठाउने आर्थिक र सामाजिक परिवर्तनको कुरा मात्र हुन सक्छ, तर हाम्रो माग भनेको श्रम क्षेत्रमा क्रान्तिकारी परिवर्तन र महिलाहरूको मर्यादा र चेतना विकासको कुरा पनि हो। अमेरिका, वेलायत र अन्य यूरोपेली देशहरूमा गैर समाजवादीहरूको बीचमा आर्थिक र सामाजिक विषय पूँजीवादी महिलाहरूले अगाडि सारेको विषय भनेर उछाल्ने काम गरिएको छ, तर यस विषयमा समाजवादी महिलाहरूको ठूलो योगदान भएको कुरालाई नकार्न सकिँदैन। धेरै देशमा महिला अधिकारको विषयमा विभिन्न वर्गका महिलाहरू संयुक्त भएका छन्। समाजवादी र गैर समाजवादी महिलाहरू एउटै मोर्चामा डटेका पनि छन्।

अन्तरराष्ट्रिय श्रमिक महिला दिवस सन् १९०९ को अमेरिकाको समाजवादी महिलाहरूको समान अधिकारको अभियानबाट शुरू भएको हो। अमेरिकामा धेरै समाजवादी महिलाहरू श्रमिक महिलाहरूलाई यूनियनमा संगठित गर्ने काममा सक्रिय थिए। एलिजावेथ फ्यायन, जो महिलाहरूको लिंगीय र राजनैतिक समानताको आन्दोलनको ठूलो योद्धा थिइन्, १९०६ देखि १९२६ सम्म अमेरिकाको विभिन्न ठाउँमा श्रमिकहरूलाई संगठित गर्ने काममा सक्रिय रहिन्। यस बीचमा उनले २० वटा हड्तालमा भाग लिइन् र १५ पटक त जेल परेकी थिइन्।

सन् १९०९ मा न्यूयोर्कको गार्मेण्ट कारखानाका मजदुरहरूलाई यूनियनमा लागेको आशंकामा व्यवस्थापनले निष्कासन गर्‍यो। "महान उथलपुथल" को नाममा चर्चित हडताल शुरू भयो। यस हडतालले श्रमिक आन्दोलनमा गुणात्मक परिवर्तन ल्याई दियो। पहिलाभन्दा ठूलो संख्यामा महिलाहरू यूनियनमा संगठित हुन पुगे ।

सन् १९१० मा १७ देशका १०० जना समाजवादी महिलाहरूको बीचमा दोस्रो अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न भयो। यस सम्मेलनमा क्लारा जेट्कीनले महिला अधिकार र राजनीतिक समानताका लागि हरेक वर्ष विश्वभरका महिलाहरूले महिला अधिकारको आन्दोलनको रूपमा महिला दिवस मनाउने प्रस्ताव राखिन्। यो प्रस्ताव सर्वसम्मतिबाट पास भयो। यसरी, ८ मार्चको रूपमा मनाउन थालिएको यस दिवसले ठूलो संख्यामा महिलाहरूलाई राजनैतिक समानताको लागि आन्दोलित गर्‍यो ।

सन् १९११ को १९ मार्चमा डेनमार्क, जर्मनी, अष्ट्रिया र स्विट्जरल्याण्डमा दशौं लाख महिला र पुरुषहरूले यस दिवसलाई मनाए भने स्विडेनमा सन् १९१२ र रसियामा १९१३ बाट यो पर्व मनाउन थालियो। मार्च ८ पर्वमा जर्मनीको फ्रयांकफर्टमा महिलाहरूको विशाल भेलालाई अलेक्जान्द्रा कोलोन्ताईले सम्बोधन गरेकी थिइन् भने प्राय: सबै शहर र बस्तीहरूमा महिलाका भेलाहरू भएका थिए । कतिपय ठाउँमा त प्रहरीले हिंसात्मक हस्तक्षेप गरी निर्ममतापूर्वक दमन समेत गरेको थियो ।

अमेरिकाको विभिन्न शहरहरू क्यालिफोर्नियामा १९११ र विन्कोन्सिनमा १९१२ र वासिङटन र न्यूयोर्कमा १९१३ मा दशौं हजारको जुलुहरू भएका थियो ।

रसियामा पहिलो महिला पत्रिका रावोट्नीत्सा (श्रमिक महिला) १९१४ मा प्रकाशन भयो। यसको सम्पादन बोर्डका आधा सदस्य रसियामै बस्ने महिलाहरू थिए। उनीहरूको दोस्रो वैठकपछि सबै सदस्यहरू गिरफ्तार भए। यसको पहिलो अंक १९१४ को मार्च ८ को दिन बाहिर आएको थियो र त्यसै दिनमा १२,००० प्रति बिक्री भएको थियो। यसको अरू अंक निकाल्न महिलाहरूले कपडा सिलाएर पैसा जम्मा गरेका थिए। पाँचौं अंक निस्किएपछि यस पत्रिकामाथि प्रहरीले प्रतिबन्ध लगाइयो।

सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि अन्तरराष्ट्रिय श्रमिक महिला दिवस नयाँ उचाइमा उठ्यो। मार्च ७ मा एउटा कारखाना बन्द गरिदिएपछि मजदुरहरू सडकमा उत्रिए। प्रहरीसंगको भिडन्तमा ढुंगा र हिउँको डल्लाका सहायताले उनीहरू प्रहरीसंग लडे। महिलाहरूको जुझारु लडाइ देखेर सेना, प्रहरी, अफिसर र उनीहरूका परिवारका सदस्यहरू पनि बाहिर आउन हिच्किचाएका थिए।

यसै वर्ष मार्च १० मा महिलाहरूले सेनाको बन्दुक खोसे, श्रमिकहरू हड्तालमा गए र विद्यार्थीहरू ऐक्यबद्धताको लागि सडकमा उत्रिए। अन्तत यसै वर्ष, पेत्रोग्राडको सोभियतले महिलाहरूलाई मताधिकारको महत्त्वपूर्ण घोषणा गर्‍यो।

यतिखेरसम्म अंग्रेज महिलाहरूको मताधिकार आन्दोलनले विश्वस्तरमा नै धेरै प्रभाव पारिसकेको थियो। उनीहरूको मताधिकारको आन्दोलन आधारभूत जेन्डर समानताको विषयसंग पनि

जोडिएको थियो।

बेलायतमा आन्दोलनबाट प्रभावित समाजवादी कार्यकर्ताको श्रमिक वर्गका महिलामा आधारित थियो। सन् १८९० को "लन्कासायर टेक्स्टायल कारखाना" बाट शुरू भएको श्रमिक वर्गीय आन्दोलनले जुझारु परम्परा सिकायो, खुल्ला प्रचार, कारखाना-गेट मिटिङ, छड्के भाषण जस्ता अभियानहरू संचालन हुन थाल्यो। यस आन्दोलनले महिलाहरूलाई घरका कोठाबाट सडक आन्दोलनमा उतार्‍यो।

पहिलो विश्व युद्धको शुरूवात ताका सन् १९१४ मा जर्मनीमा विशाल प्रदर्शनीहरू भए, जसले बेलायतका ठूला र जुझारु आन्दोलनको सम्झना गराउँदथ्यो। अमेरिकाले यस कुराबाट अझ छिटो सिकेको थियो। यी सबै आन्दोलनहरू समाजवादी विचारबाट प्रभावित थिए। "हारियत स्टान्टोव्ला नच" (उनी पछि समाजवादी पार्टीको सदस्य भइन् र निर्वाचनमा उम्मेदवार पनि भएकी थिइन्) र ट्रेड यूनियन कार्यकर्ता माउड् योङर श्रमिक वर्ग आधारित, संघर्षशील र स्वतन्त्र संगठन निर्माणमा लागे ।

बेलायतको आन्दोलनले आयरल्याण्डका महिलाहरूको मताधिकारको आन्दोलनलाई पनि निर्देशित गर्ने काम गर्‍यो। समाजवादी नेता हान्ना शिही स्केफिङटनले यस आन्दोलनको नेतृत्व गरेकी थिइन्। बेलायतको ठूलो प्रदर्शनबाट प्रभावित भई उनले आइरिस महिला लिग गठन समेत गरिन्। यसले राजनेताहरूको बाटो छेक्ने, प्रदर्शन गर्ने र ढुंगा हानेर सरकारी कार्यालयका झ्यालहरू फुटाउने काम समेत गरेको थियो। उनीहरूले १९२२ मा मताधिकार पाए, जुन बेलायती दिदीबहिनी भन्दा ६ वर्ष छिटो थियो ।

सन् १९१२ मा चीनमा एउटा स्वतन्त्र समाजवादी महिलावादी समूहको रूपमा नानकिङ महिला संगठनले लिंगीय समानता र महिलाले भोट हाल्ने अधिकारको माग गर्दै संसद भवन अगाडि धर्ना दियो। आफूलाई पिस्तोलले सुसज्जित पारेर संसद भवनको अगाडि धर्नामा बसेका सहभागीहरूलाई तीन दिनपछि प्रहरी र सुरक्षा कर्मीहरूले तानेर बाहिर निकालेका थिए ।

पहिलो विश्व युद्धले समाजवादी आन्दोलनलाई जस्तै महिला आन्दोलनलाई पनि विभाजित गर्‍यो। जसको कारण आन्दोलनका बहुमत सहभागीहरू युद्धको पक्षमा गए र केही त्यसको विपक्षमा रहे ।

महिलावादी आन्दोलनको दोस्रो छालको अवधि १९६० को अन्त्य र ७० को दशकको शुरूवातसम्म यो आन्दोलन यस्तै रह्‍यो। समाजवादी महिलाहरूकै उत्साह र प्रेरणाबाट मार्च ८ फेरि एक पटक महिलामुक्ति आन्दोलनको दिनको रूपमा स्थापित हुन पुग्यो। हाल दुनियाका प्रायः सबै देशमा महिलाहरूले भोट हाल्ने अधिकार संघर्षबाटै प्राप्त गरिसकेका छन्, तर महिलाहरूको आधारभूत अवस्थामा भने खासै फरक आएको छैन।

आजको महिला मुक्ति आन्दोलनको माग पनि विगत शताब्दीका दिदीबहिनीको आन्दोलनभन्दा खासै फरक भएको छैन।

(अनुवादः ग्रिन लेफ्ट मार्च ६, १९९६, लेखकः जील हिक्सन।

प्रस्तुति : विन्दा पाण्डे

## ९२ औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवस सम्पन्न

श्रमिक महिलाहरू आफ्नो अधिकारको लागि सडकमा उत्रिएको दिन, अन्तरराष्ट्रिय श्रमिक महिला दिवस, मार्च ८ लाई यस वर्ष पनि भव्यताकासाथ सम्पन्न भएको छ। सधैं झैं यस वर्ष पनि यस दिवसलाई श्रमिक महिलाहरूले उत्साहकासाथ सम्पन्न गरेका छन्।




हाम्रो देशमा क्रियाशील रहेका तीनै वटा ट्रेड यूनियन महासंघका महिला विभागहरूको बीचमा बनेको "जेन्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियन कमिटी (टुक-गेप) ले तर्फबाट "महिला पुरुष समानताको लागि साझा जेन्डर नीति तय गरौं" भन्ने संयुक्त पोष्टर निकाली तीनै वटा महासंघ बीच वितरण गरिएको थियो।

नेपाल ट्रेड यूनियन महासंघले काठमाडौंमा ८ मार्चको तयारीमा पर्चा वितरण, पोष्टरिङ, माइकिङ र कारखाना तथा स्थानीय तहमा भेटघाट र भेलाहरू पनि गरेको थियो। मार्च ८ को दिन केन्द्रीय महिला मजदुर विभाग-जिफन्ट, अनेमसंघ, अनेरास्ववियू र प्रायुसंघको संयुक्त आयोजनामा जुलुस प्रदर्शन गरियो। मनमोहन मजदुर भवन, पुतलीसडकबाट शुरू भएको जुलस शहर परिक्रमा गरी बसन्तपुरमा गएर कोण सभा गरी टुंगिएको थियो।

यस दिन देशका विभिन्न भाग झापा, मोरङ, बारा, मकवानपुर, पोखरा, बुटवल लगायतका ठाउँहरूमा पनि महिला र्‍यालीको आयोजना गरी महिलाका मागहरूलाई उठाइएको थियो।

सधैं झैं ८ मार्चको उपलक्ष्यमा काठमाडौंमा नेपाल अटो मेकानिक्स ट्रेड यूनियनले रक्तदान र नेस्वकामयूले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो।

# जेन्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियनहरूको कार्यशाला




जेन्डर समानता र प्रवर्द्धनका लागि ट्रेड यूनियन कमिटी (टुक-गेप) को दोस्रो कार्यशाला सम्पन्न भएको छ । ट्रेड यूनियन आन्दोलन : जेन्डर समानता र प्रवर्द्धन विषयमा चैत्र ३१, २०५७ र बैशाख १, २०५८ मा ग्राण्ड होटल, रेडक्रस मार्ग, काठमाडौंमा सम्पन्न भयो।

टुक-गेपको आवश्यकता, संचालन प्रक्रिया, यसको कार्ययोजना र पहिलो कार्यशालाले गरेका निर्णयको प्रस्तुतिसंगै यो कार्यक्रम शुरू भएको थियो । कार्यशालाको पहिलो सत्रमा आइएलओ काठमाडौका निर्देशक लैला टेग्मो रेड्डीले टुकगेपको आवश्यकता र यूनियन एकताको महत्त्वमा जोड दिंदै मन्तव्य दिनुभएको थियो।

कार्यक्रमको दोस्रो सत्रमा ट्रेड यूनियन र जेन्डर समानताको बारेमा छलफल गरिएको थियो । यस सत्रमा आइएलओ-दक्षिण एसियाका बरिष्ठ जेन्डर विशेषज्ञ डा. ज्योती तुलाधरले विषयवस्तु प्रस्तुत गर्नुभएको थियो। जेन्डर समानता, यसका आधारभूत अवधारणाहरू, जेन्डर र लिंगमा फरक हुनुका कारणहरू, कार्य क्षेत्रमा रहेका जेन्डर समस्याहरू र कार्य क्षेत्रमा जेन्डर विषय प्रवर्द्धनको आवश्यकताको बारेमा डा. ज्योतीले स्पष्ट पार्नुभएपछि सहभागीहरूले आआफ्नो संस्थाको जेन्डर विश्लेषण गरी समूह प्रतिवेदन पेस गरेका थिए ।

बैशाख १ गते विहान कार्यशालाको तेस्रो सत्र आईआरएफका कार्यकारी निर्देशक डा. नारायण मानन्धरको अध्यक्षतामा संचालन भयो । यस सत्रमा कार्यथलोमा रहेका जेन्डर विषयहरूलाई प्राथमिकता क्रम तय गर्ने काम गरियो, जुन निम्न अनुसार छन्-

१. **मातृत्व संरक्षणः** सुत्केरी बिदा, प्रजनन स्वास्थ्य, सजिलो र सहज काम, शिशुस्याहार, स्वास्थ्य सुविधा, बच्चालाई दूध खुवाउने समय, खाईपाई आएको तलब र सुविधा,
२. **रोजगारीको अवसर, सुरक्षा र तालिम**
३. **कार्य अवस्थाः** कामको वर्गीकरण, कार्यथलोमा सम्मान, कामको साझेदारी, रातिको काम, कार्य समय
४. **समान ज्याला र सुविधाहरू**
५. **बिदाः** ८ मार्चको बिदा, शोक बिदा, गर्भ तुहिंदाको बिदा, अभिभावक बिदा
६. **लिंगीय दुरुत्साहन र हिंसा विरुद्ध कानून**
७. **व्यवसायजन्य सुरक्षा र स्वास्थ्य**
८. **एचआइभि/एड्स सम्बन्धी सूचना संकलन र प्रवाह**
९. **आइएलओ अभिसन्धि** (८१, १०२, १०३/१८३, १५५, १५६) **अनुमोदन**
१०. **अनौपचारिक क्षेत्रमा यूनियन**

यस्तै गरी यूनियन आन्दोलनमा महिला सहभागिताको लागि कार्यशालाले यूनियन भित्रैबाट गर्नुपर्ने विषयहरू पनि निम्न अनुसार तय गऱ्यो ।

१. महिला सहभागितामा वृद्धि
२. दुरुत्साहन रहित कार्यशैली
३. यूनियन कार्यमा जेन्डर सचेत वातावरणको विकास (यूनियनको वैठक र गतिविधिमाः समय, स्थान, भाषा, शिशुस्याहार जस्ता विषय)
४. महिलाहरूलाई महत्त्वपूर्ण भूमिका र दायित्व दिने र सहयोग गर्ने
५. नेतृत्व विकास
६. माग पत्र तयार गर्दा र सौदावाजीमा महिला सहभागिता

यसपछिको चौथो सत्र आइएलओका कार्यक्रम अधिकृत गगनलाल राजभण्डारीको अध्यक्षतामा सम्पन्न भयो । यस सत्रमा प्राथमिकतामा परेका विषयहरूलाई अगाडि बढाउने रणनीतिको बारेमा छलफल गरियो ।

यस कार्यशालामा तीनै वटा ट्रेड यूनियन महासंघहरू जिफन्ट, एनटियूसी र डिकोण्ट, स्वतन्त्र संघहरू- अन्तर संस्थान कर्मचारी संघ र अन्तर बैंक कर्मचारी संघ र आइएलओका प्रतिनिधिहरूसहित ३१ जनाको सहभागिता रहेको थियो ।

# महासंघको राष्ट्रिय परिषदको पहिलो बैठक



नेपाल ट्रेड यूनियन महासंघको तेस्रो राष्ट्रिय सम्मेलनपछि राष्ट्रिय परिषदको पहिलो बैठक यही २०५७ चैत्र १७ र १८ गते काठमाडौंमा सम्पन्न भयो। महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेको अध्यक्षतामा सम्पन्न सो बैठकले अध्यक्ष कमरेडले प्रस्तुत गर्नुभएको नीतिगत । वैचारिक कामको समीक्षा २०५७ पारित गर्नुका साथै महासंघका महासचिव क. विष्णु रिमालले प्रस्तुत गर्नुभएको महासंघको वार्षिक कार्यक्रमको समीक्षा २०५७ पनि पारित गऱ्यो।

बैठकमा गत वर्षको आर्थिक प्रतिवेदन तथा लेखा परीक्षण आयोगको प्रतिवेदन प्रस्तुत भयो। बैठकले आगामी २०५८ सालको कार्यक्रम पारित गरिनुका साथै व्यापक छलफल गरी सदस्य संघहरूको स्तर निर्धारण पनि गऱ्यो। र आगामी मे दिवस देशव्यापी रूपमा भव्य र अलग परिचय दर्शाउने गरी, एकताबद्ध रूपमा विविध कार्यक्रमका साथ मनाउने निर्णय पनि गऱ्यो।

बैठकले आगामी वर्षमा एकीकृत ट्रेड यूनियन आन्दोलन, श्रम कानूनको प्रभावकारी प्रयोग, महिला मजदुर अभियान आदि सम्बन्धमा विविध कार्यक्रमको पनि तय गरेको छ।

बैठकमा सदस्य यूनियनहरूको तर्फबाट महासंघमा प्रतिनिधित्व गर्ने राष्ट्रिय परिषदका १०१ सदस्यहरूमध्ये ९१ जनाको सहभागिता भएको थियो। सहभागी पार्षदहरूमध्ये १४ जना महिलाहरू थिए।

---

*जिफन्टबारे आई सी एफ टी यू –*

## यतीको देशमा ट्रेड यूनियन आन्दोलन बलियो हुँदैछ

हिमालयको देश नेपाल बाल श्रमिक, बँधुवा मजदुर, वेरोजगारी र अर्ध रोजगारी जस्ता सामाजिक समस्याहरूको बीचबाट गुज्रँदैछ। तर, पनि भरखरै फक्रँदै गरेको प्रजातन्त्रभित्र ट्रेड यूनियनले आफ्नो स्थान बनाउँदै छ।

नेपालमा प्रजातन्त्र आएको एक दशक बित्दैछ। १९९० अप्रिलमा तीस वर्षसम्म निरंकुश शासन गर्ने राजालाई जनताले दवाव दिई उसको भूमिकालाई संवैधानिक तहमा सीमित बनाइ दिए। त्यही परिवर्तनपछि राजाको निरंकुश शासनभित्र लामो समयसम्म जकडिएका श्रमिकहरूले आफ्नो संगठित हुने अधिकार पाए। यसपछि श्रमिकहरूले आफ्ना थुप्रै संगठनहरू निर्माण गरे, जसमध्ये जिफन्ट र एनटियूसी प्रमुख रूपमा रहेका छन्।

जिफन्टले आफ्नो नीति र कार्यक्रममा धेरै वा थोरै कम्युनिस्ट विचारलाई अंगिकार गरेको महसुस हुन्छ, तर यो यूनियनमा सबै किसिमका विचार राख्ने सदस्यको लागि ढोका खुल्ला छ। जिफन्ट र एनटियूसीले आफ्नो सदस्य संख्या ३ लाख र २ लाख भएको बताउँछन्। दुवै यूनियनले आफ्नो काम शून्यबाट थालेर पनि हाल यसको सदस्य संख्या उल्लेख्य रहेको छ, यद्यपि यसको नाप्ने उपयुक्त कसी भने पाउन सजिलो छैन। तर पनि यो संख्या सत्यको नजिक हुनुपर्छ भन्ने अन्दाज एफइएसका देव राज दाहालको रहेको छ।

सदस्य संख्याको कुरा जे जस्तो भए पनि यी दुवै यूनियनको काम संगठित क्षेत्रमा केन्द्रित रहेको छ, जब कि सिंगो श्रम शक्तिको ८०-९० प्रतिशत जनता असंगठित क्षेत्रमा कार्यरत रहेका छन्। असंगठित क्षेत्रका श्रमिकहरूले अन्य देशमा झैं नेपालमा पनि बहुत दुख भोगेका छन्। त्यसमा पनि बँधुवा श्रमिकको हालत बहुत दयनीय रहेको छ। जिफन्टले बँधुवा श्रमिकको दुखमा साथ दिँदै आएको छ। जिफन्टको महासचिव विष्णु रिमाल भन्छन् "बँधुवा मजदुरलाई सम्पर्क गर्न सजिलो छैन, किन कि उनीहरू दिनको १८ घण्टा र हप्ताको सातै दिन काम गर्दछन्। उनीहरूलाई उनीहरूको मुक्तिको लागि लड्ने संगठन कमैया मुक्ति मञ्चको बारेमा बताउन पनि मध्येरातमा उनीहरूको सुत्ने ठाउँमा नै गएर भेट्नु र कुराकानी गर्नु पर्छ।"

"उनीहरूको बीचमा यूनियनको महत्त्व बुझाउन र संगठित गर्न अत्यन्त गाह्रो छ। तर पनि १०,००० जना कमैयाहरू रु १ तिरेर मुक्ति मंचको सदस्य बनेका छन्। हामीले उनीहरूको बीचमा सचेतना अभियान संचालन गर्ने, मैदानमा उनीहरूलाई संगठित र आन्दोलित गर्ने र बँधुवालाई कुटपिट गर्ने र दुख दिने फटाहा मालिकलाई जनअदालतमा उभ्याउने जस्ता काम गरेका छौं। बँधुवाहरूलाई बिना हर्जाना फुकुवा गर र समाजको सम्मानित नागरिक बनाऊ भनेर हामीले अपिल आन्दोलन गरेका छौं। विगत केही महिनामा १३ जना कमैया यस आन्दोलन अन्तरगत मुक्त भएका छन्। यो धेरै त होइन, तर हामीलाई मैदानमा काम गर्न यो उत्साहजनक परिणाम भने अवश्य हो" रिमालको भनाइ छ।

(१९९९-आइसिएफटियूको वेभपेजबाट)

# केममविको राष्ट्रिय योजना कार्यशाला सम्पन्न




केन्द्रीय महिला मजदुर विभाग-जिफन्टको राष्ट्रिय योजना कार्यशाला गत चैत्र २०-२२, २०५७ मा मनमोहन मजदुर भवन पुतलीसडकको प्रशिक्षण कक्षमा सम्पन्न भयो। २०५७ बैशाखमा जिफन्टको तेस्रो महाधिवेशनले तय गरे अनुसार यस विभागले अंचलस्तरसम्मको संरचना निर्माणको काम मंसीर महिनासम्ममा सम्पन्न गरिसकेको छ। त्यसपछि २०५८ को शुरूदेखि २०६० कार्तिकसम्म, आगामि ३० महिनामा गरिने कार्ययोजना तय गर्न यो योजना कार्यशाला आयोजना गरिएको थियो । सबै अंचल महिला मजदुर विभागको तर्फबाट ३-३ जना र जिफन्टका क्षेत्रीय संयोजकहरू सहभागी रहनुभएको यस कार्यशालाको शुरूमा विगत वर्षहरूमा केममविले संचालन गरेको महिला कार्यक्रम र यसको उपलब्धिको बारेमा मूल्यांकन प्रतिवेदन पेस गरिएको थियो ।

त्यसपछि निम्न अनुसार कार्य योजना बनाएको छ ।

**कार्ययोजना:**

विभाग गठन, पुनर्गठन र परिचालनको कामलाई नियमित र व्यवस्थित गर्ने ।

महिला मजदुर बीच यूनियन कार्यकर्ता र नेता विकास गर्नको लागि २० वटा जिल्ला र १० वटा अंचलमा सम्बन्धित स्तरको कार्यशालाको आयोजना गर्ने ।

२० वटा जिल्ला, १० वटा अंचल र केन्द्र गरी यस कार्य अवधिको अन्त्यमा १०० जना योग्य महिला कार्यकर्ता तयार गर्ने ।

महिला मजदुरको समस्या र कार्यअवस्थाको बारेमा कार्यमूलक अनुसन्धानका लागि २० जना सूचना संकलक महिला कार्यकर्ता तयार गर्ने, उनीहरू मार्फत सूचना संकलन गर्ने र त्यसको प्रतिवेदन प्रकाशन गर्ने ।

कार्यथलोमा जेन्डर विषयसंग सम्बन्धित विभिन्न विषयमा नियमित रूपमा सूचना संकलन गर्ने

महिला नेतृत्व विकास र चेतना अभिवृद्धिका लागि आवश्यक शैक्षिक सामग्रीहरू फ्लिप चार्ट, फोटो स्लाइड, पोस्टर तथा भिडियो डकुमेन्ट्री तयार गर्ने र चेतना अभिवृद्धि कार्यक्रमलाई अभियानकै रूपमा कारखाना र गाउँ तहसम्म संचालन गर्ने ।

दक्षिण एसियाका अन्य देशमा महिला मजदुर सम्बन्धी विषयमा अनुभव आदानप्रदानको लागि एउटा दक्षिण एसियास्तरको कार्यशाला गर्ने । यसमा अन्य देशका ट्रेड यूनियन महिला नेताहरूलाई पनि आमन्त्रण गर्ने ।

तय गरिएका यी कार्यक्रमहरू कार्यान्वयनका लागि जिफन्टले हरेक अंचलमा एक-एक जना महिला कार्यक्रम संयोजक पनि नियुक्त गरेको छ ।

कार्यक्रममा जिफन्टका महासचिव विष्णु रिमाल, शिक्षा विभाग प्रमुख वृद्धि आचार्य, केममवि प्रमुख बिना श्रेष्ठ र राकस बिन्दा पाण्डे स्रोत व्यक्तिको रूपमा सहभागी हुनुहुन्थ्यो । डेनमार्कको महिला ट्रेड यूनियनको विशेष सहयोगमा संचालित यस कार्यक्रममा उक्त यूनियनका प्रतिनिधि इभा टावोरको पनि सहभागिता रहेको थियो ।


नयाँ वर्ष २०५८ को उपलक्ष्यमा
हार्दिक शुभकामना
व्यक्त गर्दछौं

अमी एपरेल्स (प्रा) लि.
खनार, सुनसरी



# नुरु वाङछु शेर्पाले हुर्काएको यूनियन - यूनिट्राभ

नुरु वाङछु शेर्पा महासंघको संस्थापक सदस्य हुनुहुन्छ। वहाँ २०१६ सालमा सोलुको नाम्चे बजारमा गरीब किसान वर्गमा जन्मनुभएको थियो। प्रगतिशील विचारप्रति अविचल आस्थावान र समग्र नेपाली मजदुरका पक्षधर नेपाली मजदुरहरूको छाता संगठन - नेपाल ट्रेड यूनियन महासंघका संस्थापक सदस्य, नेपाल ट्रेकिङ मजदुर संघको तेस्रो केन्द्रीय कमिटीका अध्यक्ष तथा चौथो केन्द्रीय कमिटीका उपाध्यक्ष क. नुरु वाङछु शेर्पा तत्कालीन अवस्थाको गौरवशाली पार्टी नेकपा (माले) का सम्मानित सदस्य पनि हुनुहुन्थ्यो।

नुरु वाङछु शेर्पा ११ वर्षको छँदा वहाँको बुवा बित्नुभयो। त्यसपछि वहाँ सानै उमेरदेखि नै काठमाडौंमा आउनुभई ट्रेकिङ व्यवसायमा लाग्नुभएको थियो।

"हिउँको थुप्रोमा जन्मिएँ, हिउँकै थुप्रोमा ज्यान अर्पिनेछु।" यस्तो भन्नुहुने क. नुरु वाङछु शेर्पा २०४६ साल पुसमा धवलागिरी प्रथम शिखर आरोहण गर्ने क्रममा बित्नुभयो। धवलागिरी (८१६७ मी.) अमेरिकन-धवलागिरी विन्टर एक्सपिडिसन १९८९-९० दलका सरदार क. शेर्पा अन्य दुई अमेरिकी पर्वतारोही सहित २०४६ पुसमा आरोहणमा लाग्नुभएको थियो।

३ कक्षा सम्म अध्ययन गरेको भए तापनि आफ्नो व्यवसायमा कुशल एवं अमेरिकाबाट तालिम प्राप्त ३० वर्षीय क. शेर्पाले आफ्नो पछाडि २५ वर्षीय श्रीमती र दुई वटा ससाना छोरी छोडेर जानुभयो। उहाँको मृत्युमा दलका अमेरिकी नेता जेम्स डेभिड योडरले शेर्पा कोअपरेटिभ प्रा.लि. ट्रेकिङ एजेन्सी नै दोषी भएको ठहर गरेको थियो।

त्यतिखेर डेभिड योडरले भनेका थिए- "दल तयार गर्दा दलका नेताले साह्रै अपरिपक्व र अपर्याप्त व्यवस्थापनमा आरोहण अभियान बनायो। त्यसको पर्यटन मन्त्रालयले विना छानवीन नै स्वीकृति दियो, अत्यन्तै लापरवाही, आधार सिविरमा समेत जान नचाहने, गैर जिम्मेवार प्रहरी निरिक्षकलाई सम्पर्क अधिकृत खटायो। त्यसमाथि अन्य अवस्थामा झैं सम्पर्कलाई अत्यावश्यक पर्ने वाकीटाकी समेत उपलब्ध नगराई अत्यन्तै निन्दनीय कार्य गर्‍यो।"

शिविरबाट दलका सदस्यहरूले पूर्वी मोहडाबाट आरोहण शुरू गरेका थिए - जुन बाटो अत्यधिक खरायुक्त थियो। ( त्यतिवेलासम्म त्यो बाटोबाट आरोहणमा जाने सबै नै जिउँदो फर्केका थिएनन्) र त्यस समय लगातार हिमपात भइरहेको थियो। आरोहण शुरू गरेको दोस्रो दिन राती आरोहीहरूले सिग्नल लाइटबाट खतराको संकेत आधार शिविरमा देखाएका थिए। यसको जानकारी पाउँदा पाउँदै पनि उद्धारको केही प्रयास गरिएन।

तेस्रो आधार शिविरबाट पहिलो शिविरमा आरोहणमा नगएका दलका अन्य सदस्यहरू फर्किंदा पहिले बनाएका डोरीको बाटो हिउँले पुरिइ सकेको थियो। यसले शिखर तर्फ गएका सदस्यहरूको लागि पनि बाटो हराउने संकेत गरिसकेको थियो। यस सम्बन्धी जानकारी गराउँदै पनि सम्पर्क अधिकृत मादक पदार्थ सेवन गरी गाउँ गाउँमा हल्लिइरहेका थिए। उनले



(धौलागिरीमा एक वर्षपछि भेटिएको नुरुको लास)

६ दिन बितेपछि मन्त्रालयमा खवर पठाए।

यो जानकारी काठमाडौंमा प्राप्त हुनासाथ महासंघले अमेरिकी राजदूतावास, पर्यटन मन्त्रालय र नुरुको काम गर्ने एजेन्सी - शेर्पा कोअपरेटिभ प्रा.लि.मा गम्भीरतापूर्वक आपत्ति जनाउँदा पनि उद्धारको बारेमा ध्यान दिइएन। ( ट्रेकिङ मजदुर शेर्पा कोअपरेटिभले व्यवस्थापनमा गरेको त्रुटीले गर्दा थुप्रै दलका सदस्यहरू मरिसकेको तथ्य पछि थाहा पाइयो। त्यसको रेकर्ड ब्रिटिस पुस्तकालयमा भएको भन्ने सुन्नमा आयो। त्यो प्रा.लि. मान्छे मार्ने "धराप" रहेछ। नुरुको मृत्युपछि उहाँको जीवन बीमाको सम्बन्धमा सो प्रा.लि.ले व्यवधान खडा गरेको र अहिलेसम्म पनि सो बीमा रकम नपाएको परिवार सूत्रले जनाएको छ।

तिनै स्वर्गिय ट्रेड यूनियन नेता, नेपाल ट्रेड यूनियन महासंघका संस्थापक सदस्य नुरु वाङछु सेर्पाले हुर्काएको यूनियन यूनिट्राभले ४६ सालको जनआन्दोलनपछि थुप्रै किसिमका मजदुर गतिविधिहरू संचालन गर्दै अगाडि बढिरहेको छ। यस यूनियनले २०४७ मा ८३ सूत्रीय माग राखी ५ दिनसम्म सम्पूर्ण ट्रेकिङ एजेन्सीहरूमा हड्ताल गरे। माग पूरा गराउन काठमाडौं लगायत देशका विभिन्न ठाउँमा ठूला ठूला जुलुसहरू निकाले। हङकङमा समेत पत्रकार सम्मेलन गरी दवाव दिएका थिए।



यस यूनियनको पहिलो राष्ट्रिय सम्मेलन २०४० साल बैशाख १ गते भएको थियो। त्यतिखेर यस यूनियनको नाम ट्रेकिङ मजदुर संघ, नेपाल थियो। २०५५ साल पौष २५ गते सम्पन्न राष्ट्रिय सम्मेलनले यसको कार्यक्षेत्रलाई फैलाएर लानुपर्ने निर्णय गरी यस यूनियनले ट्राभल्स र ऱ्याफ्टीङ क्षेत्रलाई पनि समेट्यो। त्यही वेला यस यूनियनको नाम पनि नेपाल ट्रेकिङ-ट्राभल्स-ऱ्याफ्टीङ मजदुर यूनियन, छोटकरीमा यूनिट्राभ भनी नाम परिवर्तन गरी अझ अगाडि बढाइयो।

यस यूनियनले कैयौं ट्रेकिङमा मरेका मजदुरहरूको परिवारलाई जीवन बीमा दिलाउन सफल भएको छ र ट्रेकिङ मजदुरहरू बीच लोकप्रिय बनेको छ।

विगत ३ वर्ष अगाडि देखि हिमाल क्षेत्र सफाइ गर्ने काममा यो लागिरहेको छ। यसै वर्षको जेठमा पनि हिमाल सफाइ अभियानमा जाने तयारी गरिरहेको छ।

गत वर्ष यसले राष्ट्रिय स्तरको "ए" डिभिजनको टिमहरूलाई समावेश गरी पासाङ "ल्हामु सेर्पा फुटबल प्रतियोगिता" संचालन गरेको थियो। यो ट्रेड यूनियनले संचलान गरेको खेलकूद कार्यक्रममध्ये उल्लेखनीय कार्यक्रम हो।

# होटल मजदुरहरूको हड्ताल गर्ने अधिकारमाथि प्रतिबन्धबारे संयुक्त प्रेस सम्मेलन




१० प्रतिशत सेवा शुल्कको माग राख्दै संयुक्त संघर्ष समितिको आव्हानमा होटल मजदुरहरूले चैत्र १ देखि आरम्भ गरेको अनिश्तिकालीन हडतालमाथि सरकारले आवश्यक सेवा सञ्चालन ऐन २०१४ को दफा २ को खण्ड(क) को उपखण्ड(७) लागू गरी मजदुरहरूको हड्ताल गर्ने अधिकारमाथि प्रतिबन्ध लगाएको छ।

श्री ५ को सरकारले मजदुरका अधिकारमाथि लगाएको प्रतिबन्ध विरुद्ध नेपाल ट्रेड यूनियन महासंघ र नेपाल ट्रेड यूनियन कांग्रेसले चैत्र ८ गते संयुक्त पत्रकार सम्मेलनको आयोजना गरेको थियो।

"होटलमा कार्यरत मजदुरहरूले १० प्रतिशत सेवाशुल्कको लागि चालेको आन्दोलनलाई दवाउने नाममा आवश्यक सेवा ऐन २०१४ लागू गरेर सरकारले प्रजातान्त्रिक प्रक्रिया र त्यसको मर्म र आदर्शमाथि कुठाराघात गरेको छ" जिफन्ट अध्यक्ष मुकुन्द न्यौपाने र एनटीयूसी अध्यक्ष लक्ष्मण बस्नेतद्वारा जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा उल्लेख गरिएको छ।

सम्मेलनमा पत्रकारहरूले उठाएका विविध प्रश्नका बारेमा नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपाने र नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्ष लक्ष्मण बस्नेतले स्पष्ट पार्नुभएको थियो।

यसै सिलसिलामा जिफन्टसंग आबद्ध नेपाल स्वतन्त्र होटल मजदुर यूनियन र नेपाल ट्रेड यूनियन कांग्रेससंग आबद्ध नेपाल पर्यटन तथा होटल श्रमिक संघले आवश्यक सेवा ऐन विरुद्ध सर्वोच्च अदालतमा संयुक्त रिट दायर गरेका छन्। र त्यस सम्बन्धमा कारण देखाउ आदेश पनि जारी भइसकेको छ।

स्मरणीय छ, होटल मजदुरहरूको सेवा शुल्क आन्दोलन सम्बन्धमा संयुक्त केन्द्रीय संघर्ष समितिले चैत्र २ गतेदेखि सम्पूर्ण होटलहरू बन्द गरी हड्तालमा उत्रने कार्यक्रम गत २०५७ फागुन १६ गते जारी गरेको थियो। होटल संघ, नेपाल (हान) ले द्विपक्षीय वार्तालाई अस्वीकार गरी अदालतबाट हड्ताल स्थगित गराउनका लागि पुनरवेदन अदालत ललितपुरमा निषेधाज्ञा परमादेशको लागि रिट दिएको थियो। चैत्र ३० गते उक्त रिट निवेदनमाथि बहस पैरवी हुँदा परमादेश जारी गर्न निमिल्ने भनी रिट खारेज गरेको थियो।

# आइएलओमा दर्ता भएको मुद्दा नं. २१२०

श्री ५ को सरकारले "आवश्यक सेवा ऐन" लगाएर मजदुरहरूको हड्ताल गर्न पाउने ट्रेड यूनियन अधिकार हनन विरुद्ध जेनेभा स्थित आइएलओ हेड क्वार्टरमा नेपाल स्वतन्त्र होटल मजदुर यूनियन र नेपाल होटल तथा पर्यटन श्रमिक संघले संयुक्त रूपमा दायर गरेको मुद्दा २१२० नं. मा दर्ता गरिएको छ।

आइएलओका डाइरेक्टर जनरलको नाममा पठाइएको उक्त दावीमा सरकारले मजदुरहरूको हड्ताल गर्ने अधिकार हनन गरेको कुरा उल्लेख गरिएको छ।

मार्च १९ मा पठाएको सो पत्रमा १० प्रतिशत सेवा शुल्क मागकै सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा गठित उच्च आयोगले श्री ५ को सरकारलाई बुझाएको प्रतिवेदन, हानले पुनरावेदन अदालतमा हड्तालमाथि प्रतिबन्ध लगाउन माग गरेको परमादेश सम्बन्धमा अदालतले रिट खारेज गरेको र आपसी वार्ताद्वारा समस्या सुल्झाउन गरेको आदेश, हड्तालको निमित्त सबै कानूनी प्रक्रियाहरू पुरा गरी हड्तालमा उत्रेको कुरा समेत उल्लेख गरिएको छ।

# 'सडक यातायात समस्या समाधानका उपाय' विषयक राष्ट्रिय विचार गोष्ठी

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको आयोजनामा "सडक यातायातका समस्या समाधानका उपाय" विषयक एक दिने राष्ट्रिय विचार गोष्ठी गत बैशाख १४ गते काठमाडौंको पर्यटन बोर्डको सभाकक्षमा सम्पन्न भयो।

सडक यातायात समस्या सम्बन्धमा अविलम्ब यातायात नीति जारी गराउन सहयोग पुऱ्याउने उद्देश्यले सम्पन्न सो विचार गोष्ठीको उद्घाटन नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव तथा प्रमुख प्रतिपक्ष दलका नेता माधव कुमार नेपालले गर्नुभयो।

उद्घाटनको क्रममा नेपालले भन्नुभयो- "रेल यातायात दुर्गतितिर लागेको, हवाइ यातायात पनि विविध कारणले

फस्टाउन नसकेको अवस्थामा सडक यातायात नै नेपालको प्रमुख यातायातको साधनको रूपमा रहेको भए तापनि सरकारी अकर्मण्यता एवं नीतिको अभावका कारणले अस्तव्यस्त बन्दै गएको छ।"

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष उद्धव केसीको अध्यक्षतामा सम्पन्न सो उद्घाटन कार्यक्रममा नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

उद्घाटन कार्यक्रमपछि महासंघका महासचिव विष्णु रिमालको अध्यक्षतामा शुरूभएको कार्यपत्र प्रस्तुत कार्यक्रममा नेयास्वमसंघका सचिव विदुर कार्की, यातायात व्यवस्था विभागका तर्फबाट रामप्रसाद अर्याल, प्रहरी प्रधान कार्यलयका तर्फबाट सवारी नियन्त्रण महाशाखाका प्रहरी उपरिक्षक इन्द्र प्रसाद न्यौपाने, सडक विभागका इन्जिनियर सुनिल पौडेल र यातायात व्यवसायी महासंघका महासचिव होम प्रसाद अधिकारीले आआफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो।

अन्त्यमा श्रम अदालतका मा. न्यायाधीश पशुपति पराजुलीको




अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रस्तुत कार्यपत्र माथि व्यापक छलफल गरी यातायात नीति अविलम्ब जारी गर्नुपर्ने र भएका ऐन कानून कार्यान्वय हुनुपर्ने लगायतका सडक यातायात समस्या समाधान सम्बन्धमा विभिन्न निष्कर्षहरू निकालेको थियो। कार्यक्रममा मेचीदेखि महाकालीसम्मका यातायात संग सम्बन्धित मजदुर, व्यवसायी तथा सरकारी अधिकृतहरूको सहभागिता थियो।

## जानी राखौं: शब्द परिचय



**श्रम विभाजन** : यो एउटा अधिक उत्पादन गर्ने विधि हो । कुनै वस्तु वा सेवाको उत्पादन गर्दा आवश्यक पर्ने श्रम शक्तिलाई दक्षता र क्षमताको आधारमा कामको विभाजन गर्ने गरिन्छ । उदाहरणको लागि कुनै गार्मेन्ट कारखानाले एउटा कोट तयार गर्नको लागि कपडा नाप्ने, काट्ने, लक गर्ने, स्टीच गर्ने, टाँक भर्ने आदि विभिन्न कामदारलाई जिम्मा दिएको हुन्छ र अन्तमा सबैको कामलाई जोड्दा एउटा कोट तयार हुन्छ। यसरी कामको बाँडफाँड गर्दा उत्पादित वस्तुको गुणस्तरमा वृद्धी हुने, कम लागतमा बढी परिमाणमा उत्पादन हुने, र योग्यता, क्षमताको सही उपयोग हुने हुन्छ। यसरी कामका विभिन्न भागमा बेग्लाबेग्लै श्रमिकहरूको प्रयोग नै श्रम विभाजन हो।

**समाजवादी आर्थिक प्रणाली** : यो समाजको आर्थिक विकासको एउटा क्रम हो । समाजको विकासक्रमसंगै आर्थिक विकासको पनि थालनी हुन्छ । आदिम जंगली समाजदेखि दाश युग, सामन्ती युग, पूँजीवादी हुँदै समाजवादी आर्थिक प्रणाली आदि । यी सबै आर्थिक प्रणालीहरूको बीचमा भिन्नता रहेको छ । हरेक एक आर्थिक अवस्थाबाट अर्को आर्थिक अवस्थामा पदार्पन हुँदा प्रगतिशील ढंगले हुने हुन्छ। यीमध्येको उन्नत आर्थिक प्रणाली समाजवादी आर्थिक प्रणाली हो।

**सामाजिक क्रान्ति** : सामाजिक तथा राजनीतिक प्रणालीको त्यो आमूल परिवर्तन जसको फलस्वरूप पुरानो प्रणालीको स्थानमा नयाँ प्रणालीको स्थापना हुन्छ। समाजवादी दृष्टिकोण अनुसार मजदुर वर्गको नेतृत्वमा मेहनतकस जनताको साथ सह सम्बन्ध कायम गर्दै गरिएको आन्दोलनले समाजमा रहेको विकृति विसंगतिको अन्त गर्दै नयाँ किसिमले राज्यसत्ताको स्थापना गर्छ यसैलाई सामाजिक क्रान्ति भनिन्छ। जसले समाजमा रहेका शोषण, दमन र उत्पीडनको अन्त गर्दै मानिसद्वारा मानिसमाथि हुने अत्याचारको समाप्त गर्दछ ।

**सर्वहारा अन्तरराष्ट्रियतावाद** : मार्क्सवाद लेनिनवादको एउटा मूलभूत आदर्श हो । यसमा वैज्ञानिक समाजवादको सिद्धान्त र व्यवहारको अन्तर्वस्तु उजागर हुन्छ । विश्वका मजदुर वर्गहरूको बीचमा अन्तरराष्ट्रिय ऐक्यबद्धता, पारस्परिक हित, सहयोग, आदिको माध्यमबाट विश्वका मजदुर एक होऔं भन्ने भावनाको नाम हो सर्वहारा अन्तरराष्ट्रवाद ।

प्रस्तुति : विदुर कार्की

# श्रमिक आन्दोलनमा महिला सहभागिता पुस्तक सार्वजनिक




नेपाल ट्रेड यूनियन महासंघको प्रकाशन "नेपाली श्रमिक आन्दोलनमा महिला सहभागिता" अध्ययन प्रतिवेदन भृकुटी मण्डप स्थित पर्यटन बोर्डको हलमा चैत्र २० गते एक समारोहका बीच सार्वजनिक गरियो।

महासंघ राष्ट्रिय कमिटीका सदस्य विन्दा पाण्डेद्वारा तयार पारिएको सो प्रतिवेदन पुस्तक नेपालको प्रजातान्त्रिक आन्दोलनका अग्रणी महिला नेताहरू साधना अधिकारी, सावित्री श्रेष्ठ, शान्ता श्रेष्ठले संयुक्त रूपमा सार्वजनिक गर्नुभयो।

समारोहमा पुस्तक बारे महासंघका अध्यक्ष मुकुन्द न्यौपाने, माननीय अष्टलक्ष्मी शाक्यले आ-आफ्नो विचार व्यक्त गर्नुभयो।

क. मुकुन्द न्यौपानेले भन्नुभयो- "यस प्रतिवेदनले ओझेलमा परेका महिला नेताहरूको उजागर गरेको छ। त्यसैले यो पूर्ण होइन। एउटै पुस्तकले पूर्णता खोज्यौं भने यो अध्ययन प्रतिवेदन कहिले सिद्धिने थियो होला र पुस्तकको आकार पनि कति ठूलो हुने होला? त्यसैले अहिले जे भएको छ त्यो राम्रो भएको छ। यसले अझ थप अध्ययन गर्नुपर्ने धोका खोलेको छ।

समारोहमा अध्ययन प्रतिवेदनको टिप्पणी गर्नुहुने अष्टलक्ष्मी शाक्यले भन्नुभयो- "महासंघले गरेको यो अध्ययन प्रतिवेदन ज्यादै महत्त्वपूर्ण छ। यसले ओझेलमा परेका आन्दोलनमा लागेका महिलाहरूलाई अगाडि ल्याएको छ। महिला आन्दोलनमा लागेका महिलाहरूको अभिव्यक्ति समेत उल्लेख गरेर तथ्यगत रूपमा आन्दोलनका झलकहरू उजागर गरेको छ। अवश्य पनि यस पुस्तकले महिलाहरूलाई सजग र सचेत बनाउनेछ। अघिबढ्न प्रेरणा मिल्नेछ। साथै पुस्तकले थप खोज गर्नु पर्ने आवश्यकतालाई महसुस गराएको छ।"

कार्यक्रमको आरम्भमा अध्ययन प्रतिवेदनको परिचय दिँदै विन्दा पाण्डेले भन्नुभयो "नेपालको श्रमजीवी वर्गीय आन्दोलनमा महिलाहरूको भूमिकालाई जस्ताको तस्तै उतार्न सक्दो प्रयास गरिएको छ । इतिहासका निर्माता साहसी महिलाहरूप्रतिको सम्मान र भावी पिंढीका लागि शिक्षा र प्रेरणा दिन, पितृसत्तात्मक समाजलाई चुनौती दिन र महिलाले गर्न नसक्ने काम छैन भन्ने कुरालाई इतिहासकै घटना विवरणबाट स्पष्ट पार्न यस अध्ययन प्रतिवेदनले अपेक्षा राखेको छ।"

# जिफन्टको प्रस्तुति भिडियो डकुमेन्ट्री-उज्यालोतिर




नेपाल ट्रेड यूनियन महासंघले महिला मजदुरसंग सम्बन्धित भिडियो डकुमेन्ट्री भरखरै मात्र मे १, २००१ मा सार्वजनिक गरेको छ। २०१७ सालमा पंचायतले ट्रेड यूनियनमाथि प्रतिबन्ध लगाए पनि २०३५/३६ सालको देशव्यापी आन्दोलनसंगै श्रमिकहरू फेरि यूनियन बनाउन र एकजुट हुन थाले। श्रमिकको बस्ती र कारखानाहरूमा उज्यालाका किरणहरू छिर्न थाले। श्रमिकहरूलाई संगठित र आन्दोलित गर्ने काममा महिलाहरूको सक्रियता र संलग्नता महत्त्वपूर्ण रहँदै आयो। त्यसपछिका प्रत्येक आन्दोलनमा महिलाहरूले आफ्नो ठाउँबाट आन्दोलनमा निरन्तर योगदान गर्दै आए।

२०४६ सालको जनआन्दोलनपछि नेपाली श्रमिकहरूले पनि खुल्ला रूपमा यूनियन बनाउने र संगठित हुने अधिकार पाए। जिफन्टले यसै समयदेखि महिलाहरूको बीचको कामलाई विशेष महत्त्व दिंदै आयो। यसले श्रमिक महिला बीच विशेष अभियान संचालनको १० वर्षहरू बिताइसकेको छ।

किन र कसरी लागे महिलाहरू आन्दोलनमा? कस्तो रह्यो जिफन्टको विगत १० वर्षको महिला क्षेत्रको काम र उपलब्धि? कसरी हेरेको छ यसले महिला समस्यालाई र के छ यसको आगामि दिनको महिला सम्बन्धी योजना र कार्यक्रम?

यीनै कुराहरूलाई समेट्दै प्रस्तुत छ जिफन्टको उत्पादन भिडियो **-उज्यालोतिर**